# बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रणनीतिक योजना

(२०७८-२०८३)



**बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय**

ठाकुरद्वारा, बर्दिया

२०७८

# बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना

## (२०७८-२०८३)

बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय

ठाकुरद्वारा, बर्दिया

२०७८

| | | |
|---|---|---|
| पुस्तक | : | बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना (२०७८-२०८३) |
| प्रकाशक तथा वितरक | : | बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय, ठाकुरद्वारा, बर्दिया |
| © सर्वाधिकार | : | २०७८, बर्दिया राष्ट्रिय निकुञ्ज कार्यलय |
| फ्याक्स नं. | : | ०८४ ४०२०१२ |
| इमेल | : | bardiyanationalparkoffice@gmail.com |
| फेसवुक पेज | : | https://www.facebook.com/bardiyanationalpark2032 |
| © आवरण फोटो | : | श्री दिपक राजवंसी, नेचरगाईड |

# दुई शब्द

संख्याको हिसाबले नेपाल भरिमा गैंडा, बाघ र बाह्रसिंगाको दोश्रो र जंगली हात्तीको लागि पहिलो रहेको यस बर्दिया राष्ट्रिय निकञ्ज पारिस्थितिकिय विविधता, प्रजाति विविधता र आनुवांशिक विविधताको दृष्टिकोणबाट समेत निकै धनि मानिन्छ। जैविक विविधताको संरक्षण र व्यवस्थापन कार्यमा बर्दिया राष्ट्रिय निकुञ्जले गरेका प्रयासहरू तथा संरक्षणमा जनसहभागिता सम्बन्धमा अन्तर्राष्ट्रिय स्तरमा समेत प्रशंसा भएको छ। बर्दिया राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्र तथा आसपासका वन क्षेत्रहरूमा वन्यजन्तुको संख्यामा उल्लेख्य मात्रामा देखिएको वृद्धिसँगै मानव-वन्यजन्तु द्वन्दका घटनाहरू बढिरहेको छ। मानव-वन्यजन्तु द्वन्दका घटनाले विशेषगरी गरिब र सिमान्तकृत समुदायलाई प्रतिकुल असर गर्ने गरेको देखिन्छ जसले गर्दा संरक्षणमा जनसमुदायको सहभागिता घट्न सक्ने चुनौती थपिएको छ। निकुञ्जले सरंक्षण कार्यमा हाँसिल गरेका सफलता आत्मासाथ गर्दै आम सरोकारवालाहरूले मानव-वन्यजन्तु बीच सह–अस्तित्व कायम गर्ने कार्यक्रमहरूलाई प्राथमिकतामा दिई मानव र वन्यजन्तुको सुरक्षाको प्रत्याभूती दिनुपर्ने हुन्छ।

स्थानीय वासिन्दालाई संरक्षणमा प्रभावकारी रूपले सहभागी गराउन, मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण तथा व्यवस्थापन कार्यमा सम्पूर्ण सरोकारवाला निकायहरूलाई जिम्मेवार बनाउन, नीति निर्माता तह देखी कार्यान्वयन तहसम्म काम गर्ने निकायहरू बीच साझा अवधारणा कायम गर्न, विगत देखि राष्ट्रिय–अन्तराष्ट्रिय क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण तथा व्यवस्थापन कार्यमा गरिएका प्रयासहरूलाई अध्ययन र मुल्याङ्कन गरी उपयुक्त प्रविधि तथा सिपको विकास गर्न एक ठोस दस्ताबेजको आवश्यकता पर्दछ। मानव-वन्यजन्तु बीच सह–अस्तित्व कायम गर्ने दीर्घकालिन सोचका साथ सरोकारवाला निकायहरूसँग छलफल तथा अर्न्तक्रिया गरि बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी पञ्चवर्षीय रणनीतिक योजना (२०७८-२०८३) तयार गरिएको छ। यस रणनीतिक योजना निमार्ण गर्ने चरणमा तीन पटक जिल्ला स्तरीय सरोकारवाला निकायहरूसँग छलफल तथा अर्न्तक्रिया गरिएको थियो भने विभिन्न पटक विभिन्न स्थानमा स्थानिय तह तथा मध्यवर्ती क्षेत्रका उपभोक्ता समिति स्तरिय छलफल तथा अन्तरक्रिया कार्यक्रमहरूको आयोजना गरिएको थियो। उक्त छलफल तथा अन्तरक्रियाबाट प्राप्त सल्लाह सुझाव तथा प्रतिक्रियालाई आत्मसाथ गरि यो रणनीतिक योजना तयार गरिएको छ। यस रणनीतिक योजनाले सरोकारवाला निकायहरूको मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्यमा निभाउनु पर्ने भूमिकालाई अझ प्रष्ट पारि कार्यक्रम

तथा क्रियाकलापहरूको तय गर्न मद्दत गर्दछ जसले गर्दा यस क्षेत्रको मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन गर्ने कार्यमा सहयोग पुग्ने आशा गरिएको छ।

यस रणनीतिक योजना निर्माणका क्रममा सहयोग गर्नुहुने प्रमुख जिल्ला अधिकारी, जिल्ला स्थित सरकारी कार्यालयहरूका प्रमुख तथा प्रतिनिधिहरू (डिभिजिन वन कार्यालय, जिल्ला प्रहरी कार्यालय, एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय, भन्सार कार्यालय, सशस्त्र प्रहरी बल) निकुञ्ज सुरक्षार्थ तैनाथ नेपाली सेना, राष्ट्रिय प्रकृति संरक्षण कोष, बर्दिया जिल्ला अर्न्तगतका नगरपालिका तथा गाउँपालिका, मध्यवर्ती क्षेत्रका उपभोक्ता समूह/समिति/उप-समितिहरू, मध्यवर्ती सामुदायिक वन उपभोक्ता समूहहरू, पर्यटन ब्यवसायी, नेचर गाईड, होमस्टे संचालक, सञ्चारकर्मी, सिंचाई आयोजना, सहयोगि संघ सस्थाहरू सम्पूर्ण सहयोगी संस्था तथा व्यक्तिहरू प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु। अन्त्यमा यस रणनीतिक योजनाको प्रभावकारी कार्यान्वयनमा सम्पूर्ण सम्बद्ध पक्षहरूको समन्वय, सहयोग र सहकार्यको अपेक्षा सहित कार्यान्वयनका क्रममा देखिने कमी कमजोरी औंल्याई निरन्तर सुधारका लागि पृष्ठपोषण प्रदान गर्नुहुन अनुरोध गर्दछु।

विष्णु प्रसाद श्रेष्ठ
प्रमुख संरक्षण अधिकृत

## शब्द सक्षेंप :

| | |
|---|---|
| आ.व. | आर्थिक वर्ष |
| ए.कृ.प.वि.का. | एकिकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय |
| का. | कार्यालय |
| कि.मि. | किलोमिटर |
| गा.पा. | गाउँपालिका |
| न.पा. | नगरपालिका |
| जि.प्रशा.का | जिल्ला प्रशासन कार्यालय |
| जि.प्र.का. | जिल्ला प्रहरी कार्यालय |
| ब.रा.नि.का | बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय |
| डि.व.का. | डिभिजन वन कार्यालय |
| रु. | रुपैंया |
| हे. | हेक्टर |
| BCP | Bardia Conservation Project |
| BICP | Bardia Integrated Conservation Project |
| CBAPU | Community Based Anti-Poaching Unit |
| CR | Crop Raiding |
| GPS (जि.पि.एस.) | Global Positioning System |
| NTNC | National Trust for Nature Conservation |
| PCP | Participatory Conservation Program |
| PD | Property Damage |
| RRT | Rapid Response Team |
| TAL | Terai Arc Landscape |
| UNDP | United Nations Development Programme |
| WTLC | Western Terai landscape complex Project |
| WWF | World Wide Fund |
| ZSL | Zoological Society of London |

# विषय-सूची

## भाग : १

### परिचय


| | | |
|---|---|---|
| १.१ | बर्दिया राष्ट्रिय निकुञ्ज तथा आसपासको क्षेत्र | १-३ |
| १.२ | बर्दिया राष्ट्रिय निकुञ्जको भौगोलिक अवस्था तथा भू–उपयोग | ३-४ |
| १.३ | रणनीतिक योजना (२०७८-२०८३) को आवश्यकता तथा तयारी विधि | ५ |


## भाग : २

### अवस्था विश्लेषण


| | | |
|---|---|---|
| २.१ | मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था | ६-७ |
| २.२ | बर्दिया राष्ट्रिय निकुञ्जको सवल र दुर्बल पक्षहरु तथा अवसर र चुनौतीहरू | ७-१० |
| २.३ | बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानव-वन्यजन्तु द्वन्दको अवस्था तथा चुनौतीहरू | १०-१२ |
| २.४ | मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि गरिएका प्रयासहरू र तिनको प्रभावकारिता | १२-२३ |
| २.५ | सिकाइहरू | २३-२५ |


## भाग : ३

### दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू



| | | |
|---|---|---|
| ३.१ | दूरदृष्टि (Vision) | २६ |
| ३.२ | लक्ष्य (Goal) | २६ |
| ३.३ | उद्देश्यहरू (Objectives) | २६ |
| ३.४ | रणनीतिक योजनाको आधारभूत सिद्धान्तहरू | २७ |
| ३.५ | कार्यक्रम कार्यान्वयनको संस्थागत संरचना | २७-२८ |
| ३.६ | रणनीतिक योजनाको अवधि र क्रियाकलापको छनोट | २८-३१ |

# भाग : १

# परिचय

## १.१ बर्दिया राष्ट्रिय निकुञ्ज तथा आसपासको क्षेत्र

२०३२ सालमा शाही कर्णाली शिकार आरक्षको रूपमा स्थापना भएको बर्दिया राष्ट्रिय निकुञ्ज २०४१ सालमा शाही बर्दिया वन्यजन्तु आरक्षको रूपमा र २०४५ मंसीर २० गते बबई पूर्वको क्षेत्रलाई समेटेर बर्दिया राष्ट्रिय निकुञ्जको रूपमा घोषणा भयो। बर्दिया जिल्लाको कर्णाली र बबई नदीका केही भाग समेत समेटेको यो निकुञ्ज तराईका राष्ट्रिय निकुञ्जहरू मध्ये सबै भन्दा ठूलो राष्ट्रिय निकुञ्ज हो। निकुञ्ज क्षेत्रको उत्तरतर्फ चुरे क्षेत्रमा सल्लाका जंगलहरू छन्। तराईको धेरैजसो भाग सालको जंगलले ढाकेको छ। साल जगंलको बीच बीच तथा नदी किनारामा घाँसे मैदानहरू रहेका छन्। यस निकुञ्जमा पाटे बाघ, एक सिङ्गे गैंडा, चितुवा, घोडगधा, जरायो, चित्तल, लगुना, बाह्रसिङ्गा र जगंली हात्ती लगायत ६१ प्रजातिका स्तनधारी वन्यजन्तु पाइन्छन् जसमध्ये १० वटा संरक्षित स्तनधारी वन्यजन्तु अर्न्तगत रहेका छन्। ५१३ भन्दा बढी (६ वटा संरक्षित) प्रजातिका पंक्षी, ४२ भन्दा बढी (३ वटा संरक्षित) प्रजातिका घस्रने वन्यजन्तु, १२१ भन्दा बढी प्रजातिका माछा र करिब ८०० भन्दा बढी बनस्पति प्रजातिहरू निकुञ्ज क्षेत्रमा पाईन्छन्। सन् २०२१ मा गरिएको राष्ट्रिय गौंडा गणनामा यस निकुञ्जमा ३८ वटा गौंडा, सन् २०१७ को गणनाले ७९ वटा बाह्रसिंगा, सन् २०१८ को गणनाले ८७ बाघ यस निकुञ्ज तथा आसपासको क्षेत्रमा रहेको देखिएको छ। जंगली हात्तीहरु करिब १२० भन्दा बढीको संख्यामा रहेको अनुमान गरिएको छ। जैविक विविधता तथा वन्यजन्तु संरक्षणमा यस निकुञ्जको भूमिका महत्वपुर्ण रहेको पाईन्छ। यस निकुञ्ज Terai Arc Landscape (TAL) को एक महत्वपुर्ण अंग मात्र नभई बाघ, गैडा, हात्ती लगायत अन्य दुर्लभ तथा सकटापन्न वन्यजन्तुको वासस्थानको रूपमा समेत अन्तराष्ट्रिय स्तरमा नै परिचित रहेको छ।




चित्र १ बर्दिया जिल्ला र बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र

वि.सं. २०५३ मा ३२७ वर्ग किलोमिटर क्षेत्रफल समेटेर घोषणा भएको मध्यवर्ती क्षेत्र वि.सं. २०६७ सालमा बर्दिया राष्ट्रिय निकुञ्जको उत्तर तर्फको १८० वर्ग किलोमिटर थप गरी जम्मा ५०७ वर्ग किलोमिटर मध्यवर्ती क्षेत्र कायम गरिएको छ। मध्यवर्ती क्षेत्रमा बर्दिया, सुर्खेत र बाँके जिल्लाहरूको केही भाग भई ३२ वटा वडा, ५ नगरपालिका र ३ गाँउपालिका पर्दछन्। मध्यवर्ती क्षेत्रमा रहेको प्राकृतिक स्रोतको व्यवस्थापनका निमित्त १ वटा मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, १९ वटा उपभोक्ता समिति, २६३ वटा उपभोक्ता समूहहरू, १४५ वटा मध्यवर्ती सामुदायिक वन समूह, १ वटा धार्मिक वन र १९ वटा उपभोक्ता समिति अर्न्तगत समुदायमा आधारित चोरी शिकार नियन्त्रण उपसमितिहरू गठन भएका छन्। मध्यवर्ती क्षेत्र भित्रको १९७१२ हे. वन क्षेत्र २६११७ घरधुरीमा बसोवास गर्ने १३३४७० जनसंख्याद्वारा मध्यवर्ती सामुदायिक वनको रूपमा संरक्षण तथा व्यवस्थापन भैरहेको छ। थारु जातिको बाहुल्यता रहेको यस क्षेत्रमा मुख्य हिन्दु धर्मालम्बी रहेका छन् भने केहीले क्रिसियन, स्लाम र बौद्ध धर्म मान्दछन्। कृषि (पशुपालन/कुखुरा सहित), घरेलु तथा साना उद्योग र व्यापार

यस क्षेत्रका बासिन्दाहरूको मुख्य आर्थिक गतिविधिहरू हुन् । यस क्षेत्रका मानिसहरू प्रमुख रूपमा जिविकोपार्जनमुखि कृषी पेशामा आबद्ध रहेको हुँदा वनमा निर्भरता बढि नै देखिन्छ । बर्दिया राष्ट्रिय निकुञ्जको दक्षिण तर्फ रहेको ९२५०.३२ हेक्टरमा फैलिएको खाता जैविक मार्ग तथा संरक्षित वन क्षेत्र बर्दिया राष्ट्रिय निकुञ्ज देखि भारतको कतर्नियाघाट वाइल्डलाइफ सेन्चुरीसँग जोड्ने मूख्य जैविक मार्गको रूपमा स्थापित छ, जहाँ दैनिक जसो दुर्लभ जनावर जस्तै पाटे बाघ, जंगली हात्ती, गैंडा र अन्य साना वन्यजन्तुहरुको ओहोरदोहोर भएको पाईन्छ । नेपाल सरकारले अबलम्वन गरेको नीति अनुरूप बर्दिया राष्ट्रिय निकुञ्जले स्थानीय समुदायको सहभागिताबाट जैविक विविधता संरक्षण तथा बाघ, गैंडा र हात्ती लगायतका दुर्लभ एवम् लोपोन्मुख वन्यजन्तुको संख्या वृद्धिमा उल्लेखनीय सफलता हासिल गरेको छ ।


## १.२ बर्दिया राष्ट्रिय निकुञ्जको भौगोलिक अवस्था तथा भू–उपयोग

| | |
|---|---|
| समुद्र सतह देखि अधिकतम उचाई | : १५६१ मीटर (बाँसपानी चुचुरो/पहाड) |
| समुद्र सतह देखि न्यूनतम उचाई | : १५२ मीटर (मनाउघाट) |
| निकुञ्जको पूर्व पश्चिम लम्बाई | : सरदर ७० कि.मी. |
| निकुञ्जको उत्तर दक्षिण चौडाई | : सरदर १० कि.मी. |
| मूख्य नदीहरू | : कर्णाली, गेरुवा, बबई र औराही |
| निकुञ्ज भित्र पूर्व पश्चिम राजमार्ग | : ३० कि.मी. |

निकुञ्जका गतिविधिहरू सञ्चालन गर्न निकुञ्ज तथा मध्यवर्ती क्षेत्रका विभिन्न स्थानमा ३६ वटा पोष्टहरू खडा गरिएको छ। निकुञ्जको मुख्यालय ठाकुरद्वारामा रहेको छ। भू-उपयोगिताको दृष्टिकोणबाट हेर्दा बर्दिया राष्ट्रिय निकुञ्ज र यसको मध्यवर्ती क्षेत्रको अधिकांश भूभाग वन क्षेत्रले ढाकेको छ । मध्यवर्ती क्षेत्रको दक्षिणी भूभागमा रहेका कृषीयोग्य जमिनमा प्राय सिंचाईको व्यवस्था रहेको छ । प्राय बर्षातको समयमा धान त्यसपछी हिउँदमा गहुँ/तोरी अनी मकै गरी बर्षभरिमा तीन बाली लगाउने चलन रहेको छ ।

## तालिका १ बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको भू-उपयोगको विवरण

| SN | Land use categories | Area (km²) | Percentage(%) |
|---|---|---|---|
| 1 | Forest Land | 1120.977 | 76.00 |
| 2 | Cultivated land | 198.8467 | 13.48 |
| 3 | Shrub land/bush | 53.7413 | 3.64 |
| 4 | Sandy area | 50.5029 | 3.42 |
| 5 | Water bodies | 24.045 | 1.63 |
| 6 | Grass land | 21.683 | 1.47 |
| 7 | Barren land | 2.3127 | 0.16 |
| 8 | Swampy area | 2.2638 | 0.15 |
| 9 | Orchard | 0.3127 | 0.02 |
| 10 | River cuttings/cliffs | 0.2024 | 0.01 |
| 11 | Bamboo | 0.0267 | 0.00 |
| 12 | Built up area | 0.0105 | 0.00 |
| 13 | Pond or lakes | 0.0414 | 0.00 |
| 14 | Scattered trees | 0.0277 | 0.00 |
| **Total** | | **1475.00** | **100.00** |
| *Source: DNPWC, 2012: Proceedings of the 28th Warden Seminar* | | | |




चित्र २ बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको भू-उपयोगिता, उपभोक्ता समिति र पोष्टको अवस्थिती

## १.३ रणनीतिक योजना (२०७८-२०८३) को आवश्यकता तथा तयारी विधि

निकुञ्ज र यसको आसपासका क्षेत्रमा वन्यजन्तुको संख्यामा आएको वृद्धिसंगै एकातिर मानव-वन्यजन्तु बीचको द्वन्द र अर्कोतर्फ समस्याग्रस्त वन्यजन्तुको उद्धार र व्यवस्थापन कार्यमा चुनौतीहरू थपिएका छन् । मानविय जनसंख्यामा भएको वृद्धि, गरिबी, रोजगारीको कमी तथा वनमा आश्रित जिविकोपार्जन आदि कारणले वन जंगल माथि चाप थपिदै गएको छ । वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ (संशोधन सहित) बमोजिम नेपाल सरकारले वन्यजन्तु पीडितलाई नियामानुसार राहत सहयोग उपलब्ध गराउँदै आएको छ । राहत रकमका अलावा मानव-वन्यजन्तु बीच द्वन्द न्यूनीकरण तथा व्यवस्थापनका लागि विभिन्न निरोधात्मक उपायहरू अवलम्वन गर्दै सहअस्तित्व कायम गर्ने प्रयत्नहरू भैरहेका छन् । देशको शासन व्यवस्था संघीय लोकतान्त्रिक गणतन्त्रमा रूपान्तरण भए सँगै शासकीय संरचनाहरू केन्द्र, प्रदेश र स्थानीय तहमा पुनः संरचित भएका छन् । हालको सघिंय संरचना अनुरूप विभिन्न तहमा रहेका सरकारी एवम् गैरसरकारी निकायहरू बीच मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा सबै निकायहरूको महत्वपूर्ण भूमिका रहन्छ । वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका बमोजिम उपलब्ध गराउँदै आईएको राहतको ब्यवस्थालाई थप प्रभावकारी बनाउन तथा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापनका लागि आवश्यक पर्ने आर्थिक स्रोत, दक्ष जनशक्ति र स्रोतसाधनको दिगो तथा समन्वयकारी व्यवस्था मिलाउन विभिन्न सरोकारवालाहरूको सहभागितामा यो रणनीतिक योजना तयार गरिएको छ। विगतमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्यमा गरिएका प्रयासहरू, अन्य क्षेत्र (राष्ट्रिय तथा अन्तराष्ट्रिय) मा भएका प्रयासहरूको अध्ययन अनुसन्धान तथा स्थानीय बासिन्दाको सहकार्यबाट सरोकारवालाहरूको सिकाईलाई मध्यनजर गरी आगामी पाँच वर्षमा संचालन गर्नुपर्ने रणनीतिका साथ क्रियाकलापहरू यस पञ्चवर्षीय रणनीतिक योजनामा समेटिएको छ ।

# भाग : २

# अवस्था विश्लेषण

## २.१ मानव–वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कानूनी व्यवस्था

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहको सरकार र तीनै तह बीच आपसी समन्वय र सहकार्यमा देशको सामाजिक, आर्थिक तथा स्वच्छ वातावरणको सिर्जना गर्ने परिकल्पना गरेको छ। राष्ट्रिय निकुञ्जलाई संघको क्षेत्राधिकार भित्र राखिरहँदा निकुञ्ज आसपासमा रहेका मानव बस्तीहरू तीनै तहका कार्यक्षेत्र अन्तर्गत पर्दछन्। नेपालको संविधानले निर्देशित गरेको सिद्धान्त अनुरूप जैविक विविधता, वन, वन्यजन्तुको संरक्षण, सम्वर्द्धन र दिगो उपयोग गर्नुका साथै जनताको जिउधनको सुरक्षा गर्नु राज्यको दायित्व हो। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले जनावरको आतङ्क, वातावरणीय प्रदूषण, वन विनाश वा भौतिक संरचनाको क्षती तथा प्रकोप उद्धार कार्यमा हुने दुर्घटनालाई गैरप्राकृतिक विपद् भनी परिभाषित गरेको छ। जिल्लास्तरमा विपद् व्यवस्थापन सम्बन्धी कार्यको लागि प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समिति रहेको छ जसले जिल्लाको विपद् प्रतिकार्य योजना तयार गरी लागू गराउने गर्दछ। मानव र वन्यजन्तु बीचको द्वन्दलाई विपद्को रूपमा मात्र नलिई एक विषेश अवस्थाको रूपमा लिनु जरुरी छ, जुन जिल्ला विपद् व्यवस्थापन समितिको एकल प्रयासबाट मात्र समाधान हुन सक्दैन। मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण र व्यवस्थापन सम्बन्धी कार्यक्रमहरू संचालन गर्दा प्रचलित ऐन कानूनबाट निर्दिष्ट जिम्मेवारी भित्र रही सरोकारवालाहरूको सहकार्य तथा संलग्नताबाट मात्र आशातित उपलब्धी हाँसिल हुन सक्दछ। राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ ले निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको संरक्षण र व्यवस्थापन गर्ने मूख्य जिम्मेवारी संरक्षकको हुने भनी उल्लेख भएकोमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण गर्ने कार्य पनि व्यवस्थापनको एक अभिन्न अङ्ग हो। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले संविधानले तोकेको एकल अधिकारको अनुसूची तथा सर्वसामान्यतामा प्रतिकुल असर नपर्ने गरी जलाधार, वन्यजन्तुको संरक्षण, विपद व्यवस्थापन, वैकल्पिक उर्जा, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी, स्थानीय अभिलेख व्यवस्थापन आदि क्षेत्रका काम, कर्तव्य र अधिकार गाँउपालिका वा नगरपालिकाको हुने व्यवस्था रहेको छ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९ को दफा ३ (घ) ले राष्ट्रिय निकुञ्ज तथा आरक्ष भन्दा बाहिर वन्यजन्तुको आक्रमणमा परी धनजनको क्षती भएमा त्यस्तो क्षती बापत तोकिए बमोजिम राहत दिने व्यवस्था गरेको छ भने सोही ऐनको दफा ९ ले राष्ट्रिय निकुञ्ज वा आरक्षभित्र कसैको मृत्यु भएमा वा हानी नोक्सानी भएमा वा कसैलाई चोटपटक लागेमा त्यस्तो मृत्यु, हानी नोक्सानी वा चोटपटकको लागि नेपाल सरकार क्षतीपूर्तिको लागि जिम्मेवार हुने छैन भनी प्रष्ट उल्लेख भएको छ। नेपाल सरकार, (मन्त्रिपरिषद्) बाट मिति २०६९/१०/१८ मा स्वीकृत वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ मा वन्यजन्तु (हात्ती, गैंडा, बाघ, भालु, चितुवा, हिउँ चितुवा, ध्वाँसे चितुवा, व्वाँसो, जंगली कुकुर, जंगली बँदेल, अर्ना, मगर गोही, गौरीगाइ र अजिङ्गर) ले स्थानीय जनताको जीउ धनको क्षती गरे वापत तोकिएको मापदण्डको आधारमा पीडित नागरिकलाई राहत उपलव्ध गराउन सकिने व्यवस्था छ। सो निर्देशिकामा उल्लेख नभएका वन्यजन्तुले पुऱ्याएको क्षतीका सम्बन्धमा सम्बन्धीत मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, सामुदायिक वन उपभोक्ता समिति वा डिभिजन वन कार्यालय वा अन्य संस्थाले आफ्नै स्रोतमा सो निर्देशिकाको परिधिभित्र रही राहत रकम उपलव्ध गराउन सकिने तथा वन्यजन्तुको आक्रमणबाट मानिसको मृत्यु भएमा वा अङ्गभङ्ग हुने गरी गम्भीर घाईते भएमा संरक्षण सहयोगी निकायले सो निर्देशिका बमोजिम पाउने राहत रकमका अतिरिक्त थप रकम बिशेष राहत स्वरूप उपलब्ध गराउन सकिने समेत उल्लेख रहेको छ।

## २.२ बर्दिया राष्ट्रिय निकुञ्जको सवल र दुर्बल पक्षहरु तथा अवसर र चुनौतीहरू

### क. सवल पक्षहरू (Strengths)

१. निकुञ्जको संरक्षण र व्यवस्थापन कार्य एवं सुरक्षाका लागि प्रशासनिक तथा प्राविधिक रूपमा व्यवस्थित संस्थागत संरचना तथा पोष्टहरूको स्थापना,

२. वन्यजन्तु, वनस्पति लगाएतको जैविक विविधताले भरीपूर्ण, सुन्दर एवं रमणीय बबई र कर्णाली उपत्यका तथा नदि तटिय क्षेत्र, तराई देखि चुरेसम्म फैलिएको प्राकुतिक सम्पदा,

३. पाटेबाघको संरक्षणमा उल्लेख्य उपलब्धि हासिल गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा ध्यानाकर्षण गर्न सफल क्षेत्रका साथै जंगली हात्ती, एक सिंगे गैंडा, घडियाल गोही, अजिंगर, सालक लगायतका दुर्लभ वन्यजन्तुहरूको संरक्षणमा उलेख्य सफलता हासिँल गरेको तथा जैविक विविधताको धनी क्षेत्र,

४. संरक्षणमा स्थानीय जनसमुदायको व्यापक सहयोग तथा सहभागिता,
५. यातायात, संचार एवं विधुतीय सेवासहितको सुविधासम्पन्न पर्यटकीय एवं अध्ययन-अनुसन्धानको केन्द्रको रूपमा विस्तार हुँदै गईरहेका तथा प्रकृतिमा आधारित पर्यापर्यटनको विकास,
६. घडियाल गोही र कछुवाको पर-स्थानीय संरक्षण (Ex-situ conservation) का लागि प्रजनन केन्द्रको स्थापना तथा घरपालुवा हात्तीको लागि विभिन्न सात स्थानमा हात्तीसार रहेको,
७. समस्याग्रस्त वन्यजन्तुको उद्दार तथा व्यवस्थापनको लागि वन्यजन्तु उद्दार केन्द्र (Rescue center) को स्थापना भएको,
८. वन्यजन्तु लगायत अवैध क्रियाकलापको अनुगमनमा आधुनिक प्रविधिको प्रयोग (जस्तै सि.सि. क्यामेरा, स्पाई क्यामेरम, स्पिड गन) आदी प्रयोग भएको,
९. बर्दिया राष्ट्रिय निकुञ्ज र कर्तानियाघाट वाइल्डलाइफ सेन्चुरीलाई खाता जैविक मार्गले जोडिएको जसले गर्दा वन्यजन्तुको आवगमनमा सहजता ल्याएको ।

## ख. दुर्बल पक्षहरू (Weakness)

१. क्षेत्रफलका हिसाबमा सिमित कर्मचारी र श्रोत साधनका साथै निकुञ्जको अधिकांस भाग चुरे क्षेत्र भई दैनिक गस्तीले सम्पूर्ण क्षेत्र समेट्न नसकेको,
२. निकुञ्ज क्षेत्रभित्र भएर जाने राजमार्ग, सुविधाप्राप्त बाटाहरू तथा नहरहरू जसले वासस्थानलाई खण्डिकरण गरेको र चोरीशिकारीहरूले समेत प्रयोग गर्न सक्ने,
३. यथेष्ठ बजेटको अभावले गर्दा स्थानीय जनताको मागअनुरूपका कार्यक्रम तथा क्रियाकलाप संचालन गर्न नसक्नु,
४. फिल्डमा कार्यरत कर्मचारीका लागि आवश्यक फिल्ड गिएर तथा सेवासुविधाको कमी,
५. समस्याग्रस्त वन्यजन्तुको उद्दार तथा व्यवस्थापनका लागि पर्याप्त दक्ष जनशक्ति अभाव हुनु,
६. मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण तथा व्यवस्थापन सम्बन्धमा गरिएका प्रयासहरूको यथेष्ठ वैज्ञानिक अध्ययन तथा अनुसन्धान नहुनु,
७. सिमसारहरू गर्मी याममा सुक्नु तथा कर्णाली नदीको बहाव परिवर्तन भई निकुञ्ज क्षेत्रतिर बग्ने गेरुवा नदी सुक्दै जानु ।

### ग. अवसरहरू (Opportunities)

१. पूर्व पश्चिम एवं उत्तर दक्षिण राजमार्गसँग जोडिएको र अन्य विकासका पुर्वाधारहरूको विकास भैरहेकोले ग्रामिण पर्यटकीय क्षेत्रको रूपमा बिकास तथा बिस्तार गर्नसकिने सम्भावित क्षेत्र,
२. निकुञ्ज पूर्वमा बाँके राष्ट्रिय निकुञ्ज एवं दक्षिणमा खाता जैविक मार्ग मार्फत भारतको कतर्नियाघाट वन्यजन्तु आरक्षसँग समेत जोडिएको हुँदा भू–परिधिमा आधारित संरक्षण तथा पर्यापर्यटकीय गतिविधिहरूलाई सहकार्य मार्फत बिस्तार गर्न सकिने,
३. प्रकृतिमा अधारित पर्यटकिय क्रियाकलापहरू मार्फत स्थानीय समुदायको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार ल्याउन सकिने,
४. जैविक विविधता संरक्षणमा स्थानीय समुदायको सहभागिता सम्बन्धमा सफलताका कथाको प्रचार प्रसार मार्फत अन्य निकायलाई सिकाईको क्षेत्रको रूपमा विस्तार गर्ने तथा स्थानीय समुदायसंग सुमधुर सम्बन्ध कायम गर्न सकिने,
५. बाघ, हात्ती लगायतका वन्यजन्तुको संरक्षणमा पाएको सफलताका आधारमा संरक्षण साझेदार सरोकारवाला संघ/संस्थाबाट अझ बढि सहयोग प्राप्त गर्न सकिने,
६. संरक्षण साझेदार सरोकारवाला संघ/संस्था एवं व्यक्तिहरू मार्फत हुने अध्ययन-अनुसन्धानको दायरालाई बढाई त्यसबाट प्राप्त नतिजालाई संरक्षित क्षेत्रका समस्या समाधानका लागि लागु गर्न सकिने,
७. पर्यटकीय गतिविधिका लागि स्थापित चारवटै प्रवेशद्वार संचालनमा ल्याउने तथा भेरी बबई डाईभर्सन आयोजना सम्पन्न पश्चात बबई नदिमा बाह्रै महिना र्‍याफ्टिङ्ग संचालन गर्न सकिने ।

### घ. चुनौतीहरू (Threats)

१. अतिक्रमण, आगलागि, अव्यवस्थित चरिचरण,
२. बाढी, पहिरो, भू-क्षय,
३. जनसंख्यामा भएको बृद्धि संगै काठ, दाउरा, ढुङ्गा, गिट्टी, वालुवा आदि वन पैदावारहरूको अत्याधिक माग,
४. मध्यवर्ती क्षेत्रमा वन पैदावारमा आश्रित सिमान्तकृत गरिब समुदायको बसोबास,
५. राजमार्ग दुर्घटना, भुसिया कुकुरको आक्रमण तथा चोरीशिकारबाट हुने वन्यजन्तु क्षति,

६. बढ्दो मानव-वन्यजन्तु द्वन्द,
७. संरक्षण प्रति राजनैतिक प्रतिबद्दता तथा स्थानीय/प्रादेशिक तहको भूमिकामा कमी,
८. कैलाली तर्फको कर्णाली नदीमा ढुङ्गा, गिट्टी, वालुवाको अत्याधिक उत्खनन् र दोहन,
९. अव्यवस्थित वस्ती तथा जनसङ्ख्या वृद्धि,
१०. विकासका पूर्वाधारहरूको विकासमा वन क्षेत्रको प्रयोग,
११. जनचेतनाको कमी ।

## २.३ बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा मानव वन्यजन्तु द्वन्दको अवस्था तथा चुनौतीहरू

बर्दिया जिल्लामा मानव र वन्यजन्तु बीच द्वन्द निम्त्याउने प्रमुख वन्यजन्तु हात्ती, बाघ, गैंडा, चित्तुवा र बँदेल हुन् । यस बाहेक बाँदर, चित्तल, गोही, भालु, स्याल, सर्प तथा अजिंगर लगायतले उल्लेख्य मात्रामा पशुधन, अन्नबाली तथा मानविय क्षती गर्ने गरेको छ । यिनीहरूको संख्या विगतका वर्षहरूमा भन्दा क्रमशः बढीरहेको देखिन्छ । सन् २००७ मा बर्दिया राष्ट्रिय निकुञ्ज र आसपासको क्षेत्रमा ८० वटा मात्र हात्ती रहेको अनुमान गरिएकोमा हाल १२० वटा भन्दा बढि रहेको अनुमान गरिएको छ । बर्दिया रा.नि.र आसपासका क्षेत्रमा सन् २०० ९ को सर्वेक्षणले जम्मा १८ वटा बाघ रहेको दखिएकोमा ८ वर्षको अन्तरालमा करिब पाँच गुणाले बृद्दि भई ८७ पुगेको छ । बर्दिया रा.नि. भित्र गैंडाको संख्या भने केही वर्ष यताबाट मात्र बढ्न सुरु गरेको देखिन्छ ।

ठूला विकासका पूर्वाधारहरूको निर्माण गर्दा निकुञ्ज क्षेत्रको बैकल्पिक क्षेत्रको खोजि नहुनु जस्तै निकुञ्जको मध्य क्षेत्रबाट पूर्व पश्चिम राजमार्ग बनाईनु, बबई सिंचाई आयोजनाको नहर वन्यजन्तु मैत्री नहुनु, वन्यजन्तु हिंड्ने बाटाहरू (जैविकमार्ग) को विनाश हुनु जस्ता कार्यहरूले सदियौ देखि प्रयोग गर्दै आएको क्षेत्रमा वन्यजन्तुहरू असुरक्षित भएका छन् । वन क्षेत्र खुम्चिदै जानु र भएको क्षेत्रमा पनि मानवीय चाप बढ्नाले मानव-वन्यजन्तु बीचको द्वन्द बढीरहेको छ । विकास निमार्णका कार्यहरू गर्दा वन, वन्यजन्तु र वातावरणको क्षेत्रमा त्यती महत्व दिन सकिएको पाईदैन । समस्याग्रस्त बाघ तथा हात्तीको पहिचान र तिनको उद्धार/नियन्त्रण पश्चातको पुर्नस्थापना कार्य थप चुनौतीपूर्ण बन्दै गएको छ । कतिपय घटनाहरू वन्यजन्तुको आनीबानी बारे चेतनाको कमी तथा हेलचेक्राईको कारणले भएका छन् जस्तै हात्ती धपाउँदा चारैतीरबाट घेरेर धपाउने, मादक पदार्थको सेवन गरी धपाउन जाने, नजिकैबाट जिस्काउने


आदि। आफू बस्ने, अन्न भण्डारण गर्ने वा पशुचौपाया राख्ने स्थानलाई सुरक्षित नबनाउँदा पनि वन्यजन्तुबाट हानी नोक्सानी बेहोर्नु परेको अवस्था छ।

## क. मानवीय क्षती

बि.सं.२०५६ साल देखि २०७७ चैत मसान्तसम्म यस क्षेत्रमा भएको मानवीय क्षतीको तथ्यांकलाई अध्ययन गर्दा हात्तीबाट ४२ जनाको मृत्यु/१२० जना घाईते, बाघबाट २२ जनाको मृत्यु/१९ जना घाईते, चितुवा बाट ३ जनाको मृत्यु/११ जना घाईते, गैंडाबाट ५ जनाको मृत्यु/२७ जना घाईते र अन्य वन्यजन्तुको हकमा १ जनाको मृत्यु/३३ जना घाईते भएको देखिन्छ। हात्तीबाट भएका प्राय घटनाहरू तिनीहरूलाई धपाँउदा सावधानी नअपनाएर भएको पाईएको छ भने बाघबाट भएका घटनाहरू प्राय जङ्गल क्षेत्रमा भएको पाईएको छ।

## ख. अन्नबाली तथा घरगोठ क्षती


हात्ती, जङ्गली बर्देल, गैंडा, चित्तल, दुम्सी लगायतका वन्यजन्तुले अन्नबालीको क्षती पुऱ्याएको छ। २०७० साल देखि २०७७ सालसम्मको बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ति क्षेत्रमा राहत वितरण निर्देशिका अनुरूप राहत वितरण गरिएको तथ्याङ्कबाट हात्तीले बालीनालीमा सबैभन्दा बढी नोक्सानी गर्ने गरेको पाईएको छ। समग्रमा अन्नबालीमा भएको क्षती वापत राहत माग गर्नेहरूको संख्या बढदै गएको देखिन्छ भने घरगोठ क्षती वापत राहत माग गर्नेहरू घटेको देखिन्छ (चित्र नं.३)। २०५६ सालबाट हात्तीले मानवीय क्षती समेत गर्न शुरु गरेको पाईएको छ। बि.सं.२०६० साल भन्दा अगाडि जंगली हात्तीको आक्रमणबाट जनधनको क्षती सामान्य रहेको भएता पनि त्यसपछिका वर्षहरूमा हात्तीबाट हुने द्वन्द बढेको देखिन्छ।




चित्र ३ अन्नबाली तथा घरगोठ क्षतीको विवरण (२०७० देखि २०७७ साल सम्म)

### ग. पशुधन क्षती

२०७० साल देखि २०७७ साल सम्मको जम्मा पशुचौपाया क्षतीको तथ्याङ्क अध्ययन गर्दा क्षतीको परिमाण बर्षेनी बढ्दै गएको देखिन्छ (चित्र नं.४)। अर्कोतर्फ पछिल्ला बर्षहरूमा वन्यजन्तुहरूको प्रतिशोधात्मक हत्यामा बढोत्तरी भएको देखिन्छ।





चित्र ४ पशुधन क्षती (२०७० देखि २०७७ साल सम्म)

## २.४. मानव-वन्यजन्तु द्वन्द न्यूनीकरणका लागि गरिएका प्रयासहरू र तिनको प्रभावकारिता

### (क) काँढेतारको बार

बर्दियामा हात्तीको संख्या बढ्दै गएपछि बि.सं. २०५३ साल पछि मात्र मानव हात्ती द्वन्दको शुरुवात भएको हो। सुरुसुरुमा हात्तीहरू गाउँमा पसेर खेतिबाली नोक्सान गर्नासाथ मानिसले होहल्ला गरेपछि भाग्ने गर्दथे। त्यतिबेला जंगलसंग जोडिएका गाउँहरू हात्तीसार, वनखेत र कर्मलामा जंगली हात्तीको बढी प्रकोप थियो। हात्तीबाट प्रकोप बढेपछि हुने क्षती नियन्त्रणका लागि सबै भन्दा पहिला मोहनपुरदेखि वनखेत हुंदै मोतीपुर सम्मको सिमावर्ती क्षेत्रमा काँढे तारबार निर्माण गरी व्यवस्थित गरिएको थियो। शुरुका बर्षमा तारबार प्रभावकारी भएको देखिएता पनि बिस्तारै हात्तीको संख्या बढदै गएपछि तारबार भत्काएर आवादीमा प्रवेश गर्न थालेको पाइन्छ।

### (ख) मचान र तर्साउने उपकरण जडान




बि.सं. २०५४ सालपछि मानव हात्ती द्वन्द बढेर गयो। हात्तीबाट खेतिबाली नोक्सानी बढ्न थाल्यो। स्थानीय किसानहरूले वन्यजन्तु धपाउनका लागि प्रयोग गर्ने साना खालका मचान (अटुवा) हात्तीले सजिलै भत्काएर नोक्सान गरेको हुँदा यस्ता मचानको सट्टा जंगली हात्तीबाट खेतीबाली नोक्सान हुने क्षेत्रमा काठको अग्लो मचान निर्माण गर्न थालियो। यी मचानहरूमा तर्साउने आवाज जडित उपकरण (Scaring device) राखिएको थियो। हात्ती आउनासाथ स्वीच अन गरेपछि मचानमा जडित माइकबाट सुंगुरको आवाज, बाख्राको आवाज र मानिस कराएको आवाज रेकर्ड गरेको आवाज बजाइन्थ्यो। यो आवाज जोड्संग बजाउनासाथ हात्ती तर्सेर भाग्ने गर्दथे। सुरुसुरुमा यो प्रविधि निकै प्रभावकारी भयो। तर केहि समयपछि हात्तीले यस्तो आवाजलाई अटेरी गर्न थाल्यो र यो प्रविधि निष्प्रभावी हुँदै गएको पाइन्छ।

### (ग) तोष (Trench) निर्माण



काँढेतारबार र तर्साउने उपकरणले काम नगरेपछि बि.सं. २०५५ सालपछि बर्दियामा तोष (Trench) खन्ने काम सुरु भएको हो। तोष निर्माण भएपछि हात्ती डराएर आवादीमा पस्न र हानीनोक्सानी गर्न छोडेको थियो। चिट्कैया देखि गोब्रेला, मोहनपुर, वनखेत, मोतीपुर र कर्मला देखि भुरीगाउँ, डुम्रेनी हुँदै सैनावार सम्म तोष खनिएको थियो। कर्मलाबाट सिंहबाहिनी हुँदै भुरीगाउँ तर्फ खनिएको तोष पछि जंगलको पानीको निकास पसेर ठूलो नालाको रूप लिएको थियो। तोष निर्माण गरिएपछि २०५६ सालमा गोब्रेला र बठनपुरको बीचमा खनिएको तोषमा एउटा अर्धबयस्क पोथी हात्ती खसेर फसेको थियो।

त्यसपछि त्यस क्षेत्रमा केही समय हात्तीको आवागमन रोकिएको पाईन्छ। खनिएको तोषहरू केही वर्षमा नै भरिने, साना तोष प्रभावकारी नहुने तथा ठुला तोषमा साना वन्यजन्तु परि मर्न सक्ने र तोषको नियमित रेखदेख नभएमा प्रभावकारिता घट्ने देखिन्छ।

### (घ) तोषको दायाँबायाँ जैविक बार (Biofence) निर्माण



जंगली हात्तीबाट सबै भन्दा बढी प्रभावित तत्कालिन शिवपुर गा.बि.स. (हाल ठाकुरबाबा न.पा.)को वनखेत गाउँ हुन पुगेको थियो। वनखेत गाउँमा निकुञ्ज किनारमा मचान निर्माण गरी तर्साउने उपकरण समेत राखिएको थियो। यसका अतिरिक्त वनखेत गाउँमा २०५६/०५७ सालमा नै आयोजना र स्थानीय जनताको सहभागितामा ३ तहको सुरक्षा ब्यवस्था सुरु गरिएको थियो। सबै भन्दा भित्र किसानले आफ्नो जमिनमा जैविक बार लगाएका थिए। बीचमा तोष निर्माण गरिएको थियो। त्यसको बाहिर निकुञ्जमा कांढेतार लगाइएको थियो। यो तरिका निकै समयसम्म प्रभावकारी रह्यो। यसले जंगली हात्ती मात्र होइन चित्तल, बँदेल समेत नियन्त्रण गर्न सफल भएको पाइन्छ।

### (ङ) सिउँडी काँढाको बार

निकुञ्ज किनारमा तोष निर्माण र मचान राखिएको भएता पनि गोब्रेला र टाइगर टप्स बीचको खण्डबाट हात्ती प्रवेश गर्न थालेको थियो। निकुञ्ज भित्रको खयरभट्टीबाट सिउँढी काटेर ल्याइ गोब्रेला देखि टाइगर टप्सको सिमाना सम्म करिब १ कि.मी. को दुरीमा रोप्ने काम भएको थियो। तर त्यो सिउँडीको बोक्रा चित्तल र भेडाले निकै मन पराउने रहेछ। राम्रोसंग पलाउन नपाउँदै चित्तल र गाउँका भेडाले खाएर नष्ट भयो। यसै गरी मधुवन न.पा ३ भगरैया र राजापुर न.पा. १० खैरीका हात्ती प्रभावित क्षेत्रहरूमा पनि सिउँडीको बार लगाइएको छ जुन कम खर्चिलो तथा ज्यादै प्रभावकारी सावित भएको छ। यो प्राकृतिक उपाय भएका कारण हात्ती लगायत अन्य वन्यजन्तुलाई कुनै प्रकारको नकारात्मक प्रभाव पारेको पाइदैन।

### (च) नरिवलको डोरी, डढेको मोबिल, सुर्ती र खुर्सानीको धुलो

तोष, मचान र काँढाको बार समेत तोडेर गोब्रेला देखि टाइगर टप्स बीचको भागबाट पटक पटक जंगली हात्ती पस्ने गरेकोले डढेको मोबिलमा नरिवलको डोरी, सुर्तीको धुलो र खुर्सानीको धुलो मिसाएर भिजाइ वारपार डोरी तान्ने काम गरिएको थियो। शुरुका केहि दिन हात्ती आएर पनि आवादी तर्फ प्रवेश नगरी जंगलतिरै फर्किएको थियो तर पछिल्ला दिनहरूमा प्रभावकारी देखिएन। केही समय पछि डढेको मोबिल, सुर्ती र खुर्सानीको गन्ध उडेर जाने हुँदा तत्कालका लागि यो उपाय प्रभावकारी भएता पनि दीर्घकालिन रूपमा समस्या समाधान गरेको पाईदैन।

### (छ) हात्तीको गोबर र खुर्सानीको धुवाँ

हात्तीको गोबर र सुकेको खुर्सानी मिलाएर थिच्ने र डल्लो पारी घाममा सुकाए पछि हात्ती प्रवेश गर्ने मूख्य नाकाहरूमा आगो बालेर राखिदिए पछि त्यो नाकाबाट हात्ती प्रवेश गर्न छोडेको थियो। त्यो नाका मात्रै नभएर त्यो धुवाँको गन्ध पुग्ने ठाउँसम्म पनि हात्ती आउन छोडेको थियो। तर हात्ती जहाँबाट पनि प्रवेश गर्ने भएकोले यो प्रविधि त्यति प्रभावकारी हुन सकेन। बर्दिया हात्तीसारमा जंगली भाले हात्ती आउने बाटोमा पनि धुवाँ बालेर हात्ती रोक्ने प्रयास गरिएको थियो। केहि समय यसले काम गरे पनि पछि हात्तीले सुँडमा पानी ल्याएर आगो मार्ने र आक्रोशित भएर मानिसलाई समेत आक्रमण गर्न थालेपछि बन्द गरिएको थियो।

### (ज) विद्युतीय तारबार (Electric fence)

गेरुवा नदी पश्चिमको बञ्जरीया क्षेत्रमा तोष खन्न नमिल्ने भएकोले ५ कि.मि. विद्युतीय तारबार निर्माण गरिएको थियो। सम्भवत यो नेपालमा हात्ती नियन्त्रणका लागि लगाइएको पहिलो विद्युतीय तारबार थियो। यसले हात्ती तथा गैंडालाई पुरै नियन्त्रण भएको थियो। तर स्थानीय मानिसले तार र पोल चोरी गर्नु, समयमा मर्मत नगर्नु, तारबारमा लुगा कपडा सुकाउनुका साथै अन्तिममा उपकरण समेत चोरेर लगेपछि यो तारबार प्रभावकारी हुन सकेन। यसले ठूला जनावार जस्तै हात्ती र गैंडा रोके पनि साना जनावरहरू जस्तै बदेंल, दुम्सी, चित्तलहरूका लागि खासै प्रभावकारी हुन सकेन।

### (झ) जडिबुटी खेती



हात्तीबाट बढी प्रभावित रहेको ठाकुरद्वारा र सूर्यपटुवामा ब्यापक रूपमा मेन्था खेती गरिएको थियो। खेती पनि राम्रो भयो र आम्दानी पनि राम्रो भयो। यस क्रममा निकुञ्ज र निकुञ्जमा संचालन भएका BICP, BCP, PCP, WTLCP लगायत आयोजनाको लगानीमा लाखौं मूल्यका जडिबुटी प्रशोधन मेसिन किनेर जडान गरियो। तर उचित मूल्य र भरपर्दो बजार ब्यवस्था हुन नसकेपछि बिस्तारै यो खेती पनि घटेर गयो। निकुञ्जमा सञ्चालित आयोजनाहरूले करोडौं खर्चेर निर्माण गरेका धेरै प्रशोधन मेसिन समेत अलपत्र परेका छन्। खाता जैविक मार्गमा पर्ने मधुवन न.पा. वडा नं. ३ भगरैया, धनौरा तथा राजापुर न.पा. १० खैरीमा TAL कार्यक्रम सँगको सहकार्यमा डिभिजन वन कार्यालयबाट कागती, खुर्सानी, बेसार, बेल आदि लगाउन सहयोग भएकोमा प्रभावकारी देखिएको पाइन्छ।

### (ञ) ग्याभियन जालीमा ढुंगाको पर्खाल निर्माण



राष्ट्रपति चुरे, मधेश तराई संरक्षण आयोजनाको सहयोगमा ठाकुरद्वाराको खौराहा नदी किनारमा करिब १ कि.मी. ग्याभियन जालीमा ढुंगाको पर्खाल निर्माण गरिएको छ। यो पर्खालबाट जंगली हात्ती लगायत अन्य वन्यजन्तु गाउँतर्फ आउ जाउ गर्न नसकेको पाइन्छ।

### (ट) जि.आइ.पाईप को बार



कर्मला र हात्तीसार क्षेत्रमा आर. सि. सि. पिलरमा जि.आइ. पाइप जडान गरेर बार निर्माण गरिएको थियो। तर हात्तीले यो बार भत्काएर आवादीमा प्रवेश गर्ने गरेको पाईन्छ।

### (ठ) आर. सि. सि. बार निर्माण



अन्य संरचनाहरू हात्ती नियन्त्रणमा निस्प्रभावित हुंदै गएपछि बर्दियाको केही सिमित क्षेत्रहरूमा आर. सि. सि. बार निर्माण गरिएको छ। अन्य प्रबिधि भन्दा महंगो भएता पनि हात्ती नियन्त्रणमा यो बार बढी प्रभावकारी देखिएको छ। हात्ती नियन्त्रणका लागि तत्काल यो उपाय प्रभावकारी देखिएता पनि लागत तथा समयका हिसाबले यो एकदमै महंगो र निर्माण गर्न समय बढी लाग्ने हुँदा दीर्घकालीन रूपमा सबै प्रभावित क्षेत्रहरूमा यो बार निर्माण गर्न असम्भव देखिन्छ। विधुतीय तार बिना र ट्रेन्च बिना गरिएको यो उपाय पनि केही ठाँउमा कम प्रभावकारी सावित भै सकेका छन्।

### (ड) मेष जाली सहितको तारबार



विषेश गरि साना वन्यजन्तुको वस्ति तथा खेतवारीमा प्रवेश नियन्त्रण गर्नका लागि मेष जाली सहितको तारबार निर्माण कार्य प्रभावकारी देखिएको छ। मेष जाली सहितको इलेक्ट्रिकल तारबार निमार्ण कार्यले हात्ती लगाएतका ठुला वन्यजन्तुको वस्ति तथा खेतवारी प्रवेश नियन्त्रणमा सहयोग पुग्ने देखिन्छ। मेषजाली सहितको तारबार पुर्व चिसापानी देखि पाताभारसम्मको क्षेत्रको विभिन्न स्थानमा

निर्माण गरिएको छ। मेष जाली सहितको तारबार निर्माणले ठुला वन्यजन्तुका लागि प्रभाव कारिता नभएतापनि चित्तल बँदेल लगाएतका अन्य साना जनावहरू छेक्न एकदमै प्रभावकारी देखिएको छ। केही स्थानहरूमा मेषजालीको माथी दुई लाईन विद्युतिय तार समेत जडान गरिएको छ। यसले हात्तीलाई रोक्न समेत प्रभावकारी रूपमा काम गरेको छ।

### (ढ) सि.बि.ए.पि.यु. र आर.आर.टी. परिचालन

बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा परिचालन भएको चोरीशिकार नियन्त्रणमा युवा परिचालन अभियान (Community based Anti-Poaching Unit) उपसमिति अन्तर्गत ५ उपसमितिहरूमा हात्ती नियन्त्रण, वन्यजन्तुको उद्धारका लागि द्रुत जवाफदेही समूह (Rapid Response Team) गठन गरि परिचालन गरिएको छ। गाउँ र आवादी क्षेत्रमा जंगली हात्ती प्रवेश गर्नासाथ यो टोलीले निकुञ्ज र नेपाली सेनाको समन्वयमा हात्ती धपाउने समेत कार्य गर्दै आएको छ। यसरी परिचालन हुने टोलीलाई राष्ट्रिय निकुञ्ज, नेपाली सेना, मध्यवर्ती क्षेत्र व्यवस्थापन समिति, उपभोक्ता समिति र निकुञ्जका सहयोगी संस्थाहरूले सहयोग उपलब्ध गराउदै आएका छन्।

### (ण) हवाई फायर

गाउँमा प्रवेश गरेका हात्ती धपाउनका लागि स्थानीय वासिन्दा र RRT जम्मा भएर होहल्ला गर्ने, आगोको राँको बालेर हात्ती भएतर्फ जाने गर्दा कहिलेकाँही हात्ती झन आक्रामक भई मानिसलाई आक्रमण गर्ने र घरगोठ समेत नष्ट गर्ने गर्दछ। यस्तो अवस्थामा हात्तीलाई तर्साउनका लागि नेपाली सेनाको टोलीले हवाई फायर गर्ने समेत गरेको छ। शुरुमा बन्दुकको आवाजबाट तर्सेर भाग्ने गरेको भएता पनि बिस्तारै यस्तो आवाजलाई समेत अटेरी गर्न थालेको पाईन्छ।

### (त) ग्रेनहाउस (अन्न भण्डार) निर्माण

जंगली हात्ती गाउँमा प्रवेश गरी घर भत्काउने र घरमा भण्डारण गरी राखिएको अन्न समेत खान पल्केर गाँउलेहरू पिडीत भएकोले कर्मला गाउँमा एउटा पक्की ग्रेनहाउस (अन्न भण्डार) निर्माण गरिएको छ। उक्त घरमा कच्ची घर हुने किसानले आफ्नो अन्न लगेर भण्डारण गर्ने र आवश्यक परेको बेला अन्न झिकेर प्रयोग गर्दछन्। पहिला कर्मला गाँउमा थोरै घर भएकोले

प्रायः कच्ची घर हुने सबै किसानले आफ्नो अन्न सोही अन्न भण्डारमा राख्ने गर्दथे। हाल घरसंख्या पनि बढेको र धेरै घरहरू पक्की हुनथालेपछि यो अन्न भण्डारको प्रयोग गर्ने किसानको संख्यामा पनि कमि आएको छ।

### (थ) औषधीबाट लठ्याएर धपाउने

अटेरी र अनियन्त्रित भई मानिसलाई आक्रमण गर्ने, घर भत्काउने हिंस्रक हात्तीलाई वन्यजन्तु प्राविधिक र पशु चिकित्सकको सहयोगमा डार्टगनबाट जाइलोजिन भन्ने लठ्याउने औषधी प्रयोग गरेर हात्ती लठ्ठीएपछि घरपालुवा हात्तीको सहयोगमा जंगलतिर पठाउने गरिएको छ। यस्तो लठ्ठिने ओषधि प्रयोग गर्दा हात्ती कमजोर हुने र फर्केर आक्रमण गर्न नसक्ने भएकोले अरू कुनै उपायले हात्ती धपाउन नसकेको अवस्थामा मात्र यो प्रविधि अपनाउने गरिएको छ।


### (द) भाले हात्तीको दारा काट्ने

गाउँमा पसेर घर भत्काउने र मानिसलाई आक्रमण गर्न पल्केको समस्याग्रस्त दन्तरा भाले हात्तीलाई बेहोस बनाएर दारा काटी छोडिएको थियो। यस्तो समस्याग्रस्त हात्ती दारा काटेपछि लज्जित भएर भाग्ने गरेता पनि राती राती निकै सक्रीय भएर नोक्सानि गर्ने गरेको पाइन्छ। भाले हात्तीको गहना र हतियार नै दारा भएकोले दारा काटेको हात्तीले आफुलाई निरिह र लज्जित महशुस गर्ने र मानिसप्रति झन् आक्रामक हुने गरेको पाइन्छ।

### (ध) माहुरी र ड्रोन प्रयोग गरेर धपाउने

माहुरी, बारुला, कमिला, अरिंगाल आदि बाट हात्ती डराउने भएकोले गाउँघरमा हात्ती प्रवेश गर्ने नाकामा परिक्षणको रूपमा माहुरी पालन गरिएको थियो। माहुरीको आवाज सुनेर पनि हात्ती तर्सिने गरेकोले हात्तीसार क्षेत्रमा माहुरी पालन गरी ड्रोनबाट माहुरीको आवाज सुनाउने काम पनि गरिएको थियो। तर माहुरीलाई चराले क्षती गरेको हुंदा माहुरीपालन सफल हुन नसकेकोले यसको प्रभावकारीताका बारेमा अझै अध्ययन गर्नुपर्ने देखिन्छ।

### (न) समस्याग्रस्त वन्यजन्तुको अनुगमन, उद्धार तथा नियन्त्रण




पटक पटक गाउँ र आवादी क्षेत्रमा प्रवेश गरी जनधनको क्षती गर्ने जंगली हात्ती, बाघ, चितुवामा जि.पि.एस. जडित रेडियोकलर लगाएर छोड्ने र सो वन्यजन्तुको गतिबिधि अनुगमन गर्ने प्रबिधि पनि शुरु भएको छ। गाउँ र वस्तिमा प्रवेश गरेर जनधनको क्षती गर्ने प्रायः एक्लो भाले हात्ती हुने गर्दछ। यस्ता हात्तीमा जडान गरिएको रेडियो कलरका आधारमा हात्ती कहाँ छ भन्ने जानकारी प्राप्त गर्न सकिन्छ। यस किसिमको अनुगमनबाट समस्याग्रस्त हात्ती गाउँ वस्तिमा प्रवेश गरेको पाइएमा तुरुन्तै गाउँलेलाई जानकारी गराइ सतर्कता अपनाउने र RRT परिचालन गरी हात्ती धपाउने गरिन्छ। तर यस्ता समस्याग्रस्त वन्यजन्तुहरू आक्रमक र उच्छृङ्खल हुने भएकोले लगाएको रेडियोकलर तानेर फाल्ने, हिलोमा आहाल बस्दा माटोले टालिएर काम नगर्ने, आपसमा जुधेर रेडियोकलर क्षती गर्ने गरेको समेत पाइन्छ। मानिस खान पल्किएका तथा अशक्त वन्यजन्तुहरूलाई भने नियन्त्रणमा लिई उद्धार केन्द्रमा राखि हेरविचार गर्ने गरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा चार वटा समस्याग्रस्त पाटे बाघलाई नियन्त्रणमा लिई २ वटा बर्दिया राष्ट्रिय निकुञ्जको उद्धार केन्द्रमा, १ वटा बाँके राष्ट्रिय निकुञ्जको उद्धार केन्द्रमा र १ वटा सदर चिडियाखाना जवलाखेलमा राखिएको छ।

### (प) लाउडस्पिकर (माइक) प्रयोग

जंगली हात्ती गाउँमा प्रवेश गरेर जनधनको क्षती गर्ने बढी प्रभावित ८ वटा गाउँहरूमा लाउडस्पिकर जडान गरिएको छ। लाउडस्पिकरहरू RRT का संयोजक वा सदस्यको घरमा जडान गरिएको छ। गाउँमा हात्ती प्रवेश गरेमा वा हात्ती सम्बन्धी कुनै सूचना भएमा गाउँलेहरूले लाउडस्पिकर राखेको घरमा फोन गरी जानकारी दिने र सो सूचना लाउडस्पिकरबाट बोलेर सबैलाइ जानकारी दिने गरिन्छ। यसरी सूचना दिँदा गाउँको कुन भागमा, कति संख्यामा हात्ती छन् भन्ने समेत जानकारी प्राप्त हुने हुँदा वृद्धवृद्धा र साना केटाकेटीहरूको सुरक्षा गर्न र अलमल नगरी हात्ती धपाउन समेत सहयोग पुग्ने गरेको देखिन्छ।

### (फ) डोजर र ट्रेक्टर प्रयोग

जंगली हात्तीको संख्या बढेसंगै समूहबाट छुट्टिएका बयस्क भाले हात्तीहरू गाउँमा प्रवेश गरेर जनधनको क्षती गर्न थालेपछि निकुञ्जका विभिन्न स्थानमा गाडी सहितको टोली खटाइएको थियो। तर मानिसहरूले होहल्ला गर्ने, आगोको राँको बाल्ने गरेपनि हात्तीले अटेरी गरी धान, मकै, गहुँ जस्ता खेतीमा चर्न थालेपछि रातीको समयमा डोजर र ट्रेक्टरको हेडलाइट बालेर हात्ती धपाउने गरिएको थियो। अरू तरिकाबाट नडराउने हात्तीहरू डोजरको आवाज र बत्तीबाट तर्सेर भाग्ने गरेका छन्।

### (ब) सुरक्षित खोर/गोठको निर्माण

चितुवा, बाघ लगायतका वन्यजन्तुले घरपालुवा जनावरको क्षती गर्नबाट रोक्न जालीले घेरेर पशुचौपाया राख्न सुरक्षित खोर/गोठको निर्माण निर्माण गर्नु पर्ने हुन्छ। हालसम्म यस क्षेत्रमा हजाँरौ सुरक्षित खोरको निमार्ण भैसकेको छ। सुरक्षित खोर/गोठको निर्माणले पशुधनमा हुने क्षती कम गर्न प्रभावकारी देखिएको छ।

### (भ) निकुञ्जको वासस्थान व्यवस्थापन

वन्यजन्तुलाई चाहिने आधारभुत आवश्यकताहरू निकुञ्ज क्षेत्रभित्र नै प्रयाप्त मात्रामा भएमा सोको खोजीमा सामन्यतया निकुञ्ज बाहिर आउदैनन् भन्ने मान्यताका साथ घाँसेमैदानको निर्माण तथा व्यवस्थापन, पोखरीको निर्माण/सरसफाई/सोलार बोरिङ, सिमसार क्षेत्रको व्यवस्थापन, वनमा आगलागि नियन्त्रण तथा अग्नीरेखाको निर्माण, वन अतिक्रमण नियन्त्रण, मिचाहा प्रजाती तथा नरुचाईएका प्रजातीहरूलाई व्यवस्थापन, निकुञ्ज क्षेत्रबाट वन पैदावर निकासीमा रोक आदि जस्ता वासस्थान व्यवस्थापन तथा संरक्षणको कार्यहरू सञ्चालनमा छन्। यस्ता कार्यहरूले वन्यजन्तुको समग्र वासस्थानको व्यवस्थापन तथा सुधार आउने र आहारा, पानी र आश्रयका लागि भौंतारिन नपर्ने भएकोले वन्यजन्तुहरू कमै मात्रामा मानव बस्तीमा छिर्ने अपेक्षा गरिएको छ।

### (म) जैविक मार्गको व्यवस्थापन

मिति २०६७ भदौ ३१ गते नेपाल सरकार माननीय मन्त्रीस्तरको निर्णयबाट मिति २०६७ असोज ७ गते ९२५०.३२ हेक्टर (वनः ५७४१.८९ हेक्टर र आवादीः ३५०८.४३ हेक्टर)

क्षेत्रफलको क्षेत्र खाता जौविक मार्गको रूपमा घोषणा थियो। नेपालको बर्दिया राष्ट्रिय निकुञ्ज र भारतको कतरनियाघाट वन्यजन्तु स्याङ्चुरी जोडने यो जैविक मार्गले जंगली हात्ती, पाटेबाघ, गैंडाको बासस्थान तथा ओहोरदोहोरको मार्गका रूपमा काम गरेको छ। सानो तथा साँगुरो जैविक मार्ग र त्यसको वरिपरि घना रूपले बसेको बस्ती तथा निजी आवादी क्षेत्र र जैविक मार्ग भएर जाने ठूला विकासका पुर्वाधारहरू जस्तै पूर्व पश्चिम हुलाकी राजमार्ग, बबई नहर, सडक आदिले गर्दा वन्यजन्तुको आवागमनलाई प्रभावित बनाएको छ। जैविक मार्ग क्षेत्रमा वन्यजन्तुका लागि उचित बासस्थान, पानी तथा आहारा प्रजातीको व्यवस्थापन गर्न तथा मानव-वन्यजन्तु द्वन्द न्यूनिकरण तथा व्यवस्थापनको कार्य डिभिजन वन कार्यालयसँगको सहकार्यमा पहलकदमी चालिरहेको छ।

### (य) जनचेतना अभिवृद्धि

जनचेतनामूलक प्रचार प्रसार सामाग्री तयार गरी वितरण, सूचनामुलक होर्डिंग बोर्डहरूको निमार्ण, स्थानीय एफ.एम. मार्फत सचेतना मूलक सन्देश प्रशारण, वन्यजन्तुको आनीबानी सम्बन्धी तालिम सञ्चालन, समय समयमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण र व्यवस्थापन सम्बन्धी गोष्ठी तथा अन्तरकृया कार्यक्रम सञ्चालन गरिदै आईएको छ। यस्ता कार्यक्रमहरूले स्थानीय वासिन्दाहरूलाई सचेत गराउनुका साथै निकुञ्जको संरक्षण र व्यवस्थापन कार्यमा सहयोग पुगिरहेको छ।

### (र) मानव-वन्यजन्तु द्वन्द सम्बन्धी विषयमा अनुसन्धान

मानव-वन्यजन्तु द्वन्दका घटनाहरूको विश्लेष्ण, मानव-वन्यजन्तु द्वन्दका सामाजिक आर्थिक पक्ष, मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण र व्यवस्थापनका विधि तथा प्रविधि बारेमा केही अनुसन्धान कार्यहरू भएता पनि येथेष्ठ मात्रामा हुन सकेको छैन। यस सम्बन्धमा विस्तृत खोज अनुसन्धान गरि अनुसन्धानका नतिजाहरूको आधारमा उपयुक्त प्रविधिको विकास तथा अबलम्वन गर्नुपर्ने क्रियाकलापहरूको निर्धारण गर्नु पर्ने देखिन्छ।

### (ल) पिडित वा पिडितका परिवारलाई राहत तथा जिविकोपार्जनमा सहयोग

वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ बमोजिम राहत रकम प्रदान गरिदै आईएको छ। यसको अलवा मानविय मृत्युको हकमा राष्ट्रिय प्रकृति संरक्षण कोषबाट घटना

घटेको लगतै रु. ५०,०००।- नगद किरिया खर्च बापत उपलब्ध हुँदै आएको छ। बर्दिया राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा वन्यजन्तुको आक्रमणबाट पति गुमाएका एकल महिला र अंगभंग भएका घाइतेलाई मासिक राहत रु. १५००/- वितरण गर्ने गरिएको छ। त्यस्तै गरी वन्यजन्तुको आक्रमणमा परि पति गुमाएका एकल महिलाहरूको समूह गठन गरी आय आर्जनका लागि रु.७ लाखको घुम्ती कोष स्थापना गरिएको छ जसबाट एकल महिलाले आय आर्जनका लागि एक पटकमा रु. ५०,०००/- सम्म बार्षिक ३ प्रतिशत ब्याजमा रकम लिइ आयआर्जनमा लगानी गर्न सक्छन्। वन्यजन्तुबाट ज्यान गुमाएका र घाइते भएका परिवारका सदस्यलाई अध्ययनका लागि छात्रवृत्ति उपलब्ध गराउदै आईएको छ। महिला वातावरण उपसमितिमा रहेको रु. १९ लाखको अक्षय कोषमा आर्जित ब्याजबाट बार्षिक ३० जना छात्रवृत्ति उपलव्ध गराउदै आइरहेको छ। होमस्टे संचालनमा आवश्यक समन्वय र सहयोग गरी स्थानीय जनताहरूको आम्दानीको श्रोतमा वृद्धि गर्नु का साथै पर्यापर्यटनको विकास र प्रवर्धनमा सहयोग गरिंदै आईएको छ। स्थानीय कच्चा पदार्थमा आधारित विभिन्न उद्यमहरूको विकास गर्न आवश्यक पर्ने तालिम, औजार, सामाग्रीहरू र आर्थिक सहयोग उपलब्ध गराई उत्पादित बस्तुहरूलाई बजारीकरण गर्न सहयोग गरिएको छ। कृषि तथा पशुपालन ब्यवसायमा स्थानीय जनतालाई आर्थिक, प्राविधिक तथा भौतिक सहयोग, सहकारीको माध्यमबाट बचत गर्न सहयोग गरिएको छ।

## २.५ सिकाइहरू

मानवको उत्पति सँगै मानव र वन्यजन्तु बीच द्वन्द कायम रहेको ईतिहास पाईन्छ। मानव र वन्यजन्तु बीचको सहअस्तित्व कायम गर्ने कार्य चुनौतीपूर्ण छ। यस प्रकारका द्वन्दहरूको न्यूनीकरण तथा व्यवस्थापन गर्न निकुञ्जको स्थापनाकाल देखि नै प्रयासहरू हुँदै आएका छन्। मानव जनसंख्याको वृद्धि संगै बढ्दै गएको मानवीय आवश्यकताले वन्यजन्तुका वासस्थानमा असर पर्दै गएको छ। वन्यजन्तुले परापूर्वकाल देखि प्रयोग गर्दै आइरहेका बासस्थानहरू विनाश वा परिवर्तन हुँदै गएको देखिन्छ। वर्तमान अवस्थामा वन मन्त्रालय अर्न्तगतका कार्यालय विशेषतः निकुञ्ज वा वन कार्यालयहरूको एकल प्रयासबाट मात्र वन, वनस्पति तथा समग्र जैविक विविधताको संरक्षण तथा व्यवस्थापन कार्य सम्भव नहुने देखिन्छ। यसका लागि तीनै तह (संघ, प्रदेश र स्थानीय) का सरकार तथा मातहतका अन्य कार्यलय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संरक्षण साझेदार संस्था, निजी क्षेत्र लगायत स्थानीय

जनसमुदायको समन्वय र सहकार्यमा जोड दिई सबैले आ-आफ्नो क्षेत्रबाट पहल कदमी चाल्नुपर्ने देखिन्छ। संरक्षण कार्यमा स्थानीय जनताको भूमिका महत्वपूर्ण रहने कुरालाई मध्यनजर गर्दै सोही अनुरूपका कार्यक्रमहरू संचालन गर्दै जानुपर्ने देखिन्छ। धेरैजसो मानव-वन्यजन्तु द्वन्दका घटनाहरू मानिसका सामान्य लापरवाहीका कारणले घटिरहेको देखिन्छ। वन्यजन्तुले आफ्नो आनिबानी मानव अनुकुल परिवर्तन नगर्न सक्छ, त्यसैले मानवले आफ्नो व्यवहार परिवर्तन गर्न जरुरी छ। मानव आफैले सावधानीका उपायहरू अबलम्वन गर्ने हो भने यस्ता घटनाहरू कम गर्न सकिन्छ।

वन्यजन्तुको संरक्षणबाट स्थानिय बासिले प्रत्यक्ष आर्थिक लाभ हाँसिल गर्न नसक्ने, क्षती मात्र व्यहोर्नुपर्ने अवस्थामा सचेतनाले मात्र संरक्षण कार्य सफल हुन सक्दैन। यसका लागि प्रत्यक्ष आर्थिक लाभ हाँसिल गर्न सकिने पर्यापर्यटनमा आधारित क्रियाकलापहरूमा स्थानीयको प्रत्यक्ष संलग्नता, सुरक्षित घरगोठ तथा खोरको निमार्ण, वन्यजन्तु छेक्ने तारवारको निमार्ण, वढी उत्पादन दिने किसिमका उन्नत पशुपालन, सुरक्षित गोदाम घर निर्माण, वन्यजन्तुले नखाने वैकल्पिक कृषिबाली (कागती, बेसार, खुर्सानी, भुईकटहर, मेन्था, क्यामोमाईल आदिको खेती) को विकास, माछापालन/मौरीपालन, कृषि र पशु बीमा जस्ता कार्यक्रमहरू एकिकृत तवरले सञ्चालन गर्न सके द्वन्द न्यूनीकरणमा सहज हुने देखिन्छ। कार्यक्रमको कार्यान्वयन एकद्वार प्रणालीबाट गर्दा वास्तविक आवश्यकताको पहिचानमा सहज हुने तथा दोहोरोपना नआउने हुन्छ।

मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन गर्न अपनाईएका उपायहरू स्थानीय समुदायले अपनत्व नलिएसम्म प्रभावकारी हुने देखिदैन। हालसम्ममा प्रयोग गरिएका तथा अपनाइएका मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापनका उपायहरू समय सापेक्ष परिवर्तन गर्दै लानुपर्ने देखिन्छ। द्वन्द न्यूनीकरणका लागि निर्माण गरिएका संरचनाहरूको मर्मत सम्भार गर्नुपर्ने देखिएको छ। वन्यजन्तुबाट प्रभावित क्षेत्रहरूमा गठन गरिएका समुदायमा आधारित चोरी शिकार नियन्त्रण ईकाई (CBAPU), Rapid Response Team (RRT) जस्ता संगठनात्मक संरचनालाई स्रोतसाधन उपलब्ध गराई वन्यजन्तुबाट हुन सक्ने क्षती कम गर्न वा घटना घटीहाले तत्काल उद्धार गर्न सक्ने टास्क फोर्सको रूपमा प्रयोग गर्न सके थप प्रभावकारी हुनेछ। वन्यजन्तुबाट अती प्रभावित वा विपद् जोखिमको सम्भावना भएका असुरक्षित क्षेत्रमा बसोबास गर्ने व्यक्ति तथा समुदायलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी एकीकृत वस्तीको विकास गर्न सकिएमा राज्यले प्रदान गर्ने सेवासुविधा सहजै उपलब्ध

गराउन सकिन्छ। विकासका आयोजानाहरू जस्तै (सडक, नहर, विद्युत) को निमार्ण कार्य वन्यजन्तुमैत्री भएमा वन्यजन्तु तथा मानवीय दुर्घटना कम गर्न सकिन्छ। दाउराको बिकल्पमा अन्य उर्जा वा सुधारिएको चुलोको प्रयोग, घरपालुवा जनावरलाई बाँधेर पाल्न (Stall feeding) गर्न सकिएमा निकुञ्ज तथा वन क्षेत्रमा पर्ने चाप घटाउन सहयोग पुग्ने देखिन्छ। मानव वस्तीमा वन्यजन्तु पसेर क्षती नगरुन भन्ने हेतुले निर्माण गरिंदै आएका विद्युतीय तारबार (Solar Power Fence), RCC wall, Stone Wall, काँडे तारबार (Barbed Wire Fence), तोष (Trench), जैविक बार (Live Fence) आदि संरचना निर्माण गर्न स्थानीय तह लगायत अन्य संघसंस्थाले समेत आवश्यक बजेटको व्यवस्था गर्नुपर्ने देखिन्छ। यस्ता संरचनाहरू बनाउँदा कम लागतमा प्राकृतिक सौन्दर्यता एवम् पर्यापर्यटनलाई समेत ख्याल राखी बनाउन सकेमा थप फाईदा पुग्ने देखिन्छ।

यदि कुनै घटना समस्याग्रस्त वन्यजन्तुबाट भएको हो भने त्यसको तत्काल पहिचान गरी उपयुक्त व्यवस्थापन गर्न सकेमा मात्र स्थानीय बासिमा संरक्षणप्रति सकारात्मक भावनाको विकास गर्न सकिन्छ। टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुहरूको उद्धार र व्यवस्थापन कार्यमा संलग्न व्यक्तिहरू घाइते भएमा उपचार गर्दा लाग्ने खर्च तथा उद्धार र व्यवस्थापन कार्यमा संलग्न स्वयमसेवीहरूको यातायात तथा दैनिक भ्रमण भत्ता लगायतका खर्चको प्रबन्ध मिलाउन सके स्वतःस्फुर्त रूपमा यस्ता कार्यमा लाग्ने देखिन्छ। वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ मा उल्लेख भएको सम्पुर्ण प्राबधान अनुरूप राहत प्रदान गर्न सकिने घटनाहरूको यथासीघ्र राहत उपलब्ध हुनसके वन्यजन्तु संरक्षणमा सकारात्मक धारणाको विकास हुन्छ। लामो समय देखि वसोवास गर्दै आएका, स्थानीय सरकारलाई कर तिरेका तर वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९ बमोजिम चाहिने लालपूर्जा नभएका वास्तविक वन्यजन्तु पिडीतहरूलाई स्थानीय तहबाट राहत उपलब्द गराउन सके जनताहरू स्थानीय तहप्रति कृतज्ञ हुने तथा स्थानीय तहले समेत वन्यजन्तुको अपनत्व लिएको आभास हुने गर्दछ। वन्यजन्तुको आक्रमणबाट पति गुमाएका एकल महिला र अंगभंग भएका घाइतेलाई उपलब्ध गराउदै आएको मासिक राहत रकमलाई निरन्तरता दिदै वन्यजन्तुबाट ज्यान गुमाएका र घाइते भएका परिवारका सदस्यहरूलाई जिविकोपार्जनमा थप सहयोग पुऱ्याउन सकेमा वन्यजन्तु संरक्षणमा थप टेवा पुग्ने देखिन्छ।

# दूरदृष्टि, लक्ष्य, उद्देश्य तथा रणनीतिहरू

## ३.१ दूरदृष्टि (Vision)

बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव र वन्यजन्तुको सहअस्तित्व कायम गर्ने।

## ३.२ लक्ष्य (Goal)

बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा रहेका संरक्षण सरोकारवाला निकाय र स्थानीय समुदाय विचको समन्वय र सहकार्यबाट मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्य गर्दै जैविक विविधताको संरक्षण र व्यवस्थापन मार्फत स्थानिय समुदायको जीविकोपार्जनमा सुधार पुऱ्याउने।

## ३.३ उद्देश्यहरू (Objectives)

१) सरकारका तीनै तह (संघ, प्रदेश र स्थानीय), संरक्षणमा साझेदार निकायहरूको नीति तथा योजनामा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यक्रम तथा आयोजनाहरू समावेश गर्न मार्गदर्शन गर्ने।

२) विद्यमान चुनौतीहरूको क्षेत्रगत (नीतिगत वा कानूनी, आर्थिक, सामाजिक, वातावरणीय) पहिचान गरि साझा समाधानको बाटो खोज्न सहयोग गर्ने।

३) टुहुरा, अशक्त, घाइते र समस्याग्रस्त वन्यजन्तुको उद्धार, उपचार र व्यवस्थापन कार्यमा सहयोग गर्ने।

४) वन्यजन्तुको आक्रमणमा परी अङ्गभंग भएका र मृत्यु भएका व्यक्तिका आश्रित परिवारलाई राहत रकमको अतिरिक्त जीविकोपार्जनमा सहयोग पुग्ने कार्यक्रमहरू सञ्चालनमा सहयोग गर्ने।

५) मानव-वन्यजन्तु द्वन्दग्रस्त क्षेत्रहरूमा वैकल्पिक खेती तथा आयआर्जनको विकास गरी मानव-वन्यजन्तु बीचको द्वन्दलाई न्यूनीकरण गरी स्थानीय जनतामा वन्यजन्तु संरक्षण प्रति सकारात्मक भावनाको विकास गर्ने।

६) मानव-वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धमा गर्न सकिने सहाभागितामूलक कार्यक्रमहरूको पहिचानका साथै कार्यान्वयनको योजना तयार गरी कार्यान्वयनमा लैजाने ।

## ३.४ रणनीतिक योजनाको आधारभूत सिद्धान्तहरू

१. बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा रहेका वन्यजन्तु सबै नेपाली नागरिकको साझा सम्पती हो र यीनिहरूको संरक्षण गर्ने जिम्मेवारी पनि सबै नेपाली नागरिकको हो ।

२. जैविक विविधताको दीर्घकालीन संरक्षणको स्थायित्व सुनिश्चिता गर्नको लागि स्थानीय समुदायहरूको पूर्ण र प्रभावकारी सहभागिता र सहयोगको आवश्यकता पर्दछ ।

३. मानव-वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्यमा वैज्ञानिक अनुसन्धान, ज्ञान र आविष्कारका साथै आदिवासी र स्थानीय समुदायको अभ्यासले महत्वपूर्ण भूमिका खेल्दछ ।

४. दीर्घकालीन रूपमा मानव-वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्यमा राज्यको निती, लगानी र स्थानीय समुदायहरूको अग्रसरता आवश्यक पर्दछ ।

५. मानव-वन्यजन्तु बीचको द्वन्द न्यूनीकरण तथा व्यवस्थापन गरि सहअस्तित्व कायम गर्न सम्पुर्ण सरोकारवालाहरूको सहयोग र समन्वय आवश्यक पर्दछ ।

## ३.५ कार्यक्रम कार्यान्वयनको संस्थागत संरचना

बर्दिया राष्ट्रिय निकुञ्ज र यसको आसपासका क्षेत्रमा मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन कार्यमा १३ वटा रणनीतिहरू तय भएका छन् । सो रणनीतिहरू अर्न्तगत सञ्चालन हुने कार्यक्रम/क्रियाकलापहरू, अनुमानित लागत अनुमान, सम्पन्न गर्न/हुन लाग्ने समय सिमा, कार्यक्रम/क्रियाकलापहरूको मुल्याङ्कनका सुचकहरू, कार्यक्रम सञ्चालनका निमित्त जिम्मेवार निकाय तथा सहयोगी निकायहरू तोकिएको छ । प्रदेश, जिल्ला तथा स्थानीय तहले मानव-वन्यजन्तु द्वन्दलाई विपद व्यवस्थापन कार्य भित्र समेटि सोही अनुरूप संस्थागत संरचना र बजेटको व्यवस्था गराउने वातावरणको सिर्जना गराई अन्तर विषयगत रणनीतिलाई समावेश गर्दै आ-आफ्नो योजना र कार्यक्रमहरूमा एकीकृत गरी कार्यान्वयन गरिने छ । स्थानीय तहको हकमा विपद् व्यवस्थापन शाखा भए उक्त शाखा र नभएमा स्थानीय शासन संचालन ऐन

२०७४ अनुसार विपद् व्यवस्थापनका लागि तोकिएको निकायले सम्बन्धित शाखाहरूसँगको समन्वय र सहकार्यमा उक्त भूमिका निर्वाह गर्नेछ। मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यहरूको प्रमुख समन्वयकर्ता एवं सहजकर्ताका साथै अनुगमन तथा मूल्यांकनको समेत भूमिका निकुञ्ज तथा मध्यवर्ती क्षेत्रमा बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय र अन्य क्षेत्रमा डिभिजन वन कार्यालयले गर्नेछ भने जिल्ला प्रशासन कार्यालयले जिल्ला स्थित सरकारी कार्यालयहरू बीच समन्वयकारी भूमिका निर्वाह गर्नेछ। संरक्षण साझेदार संघसंस्थाहरू र निजी क्षेत्रहरूले यस रणनीतिक योजनामा उल्लेखित क्रियाकलापहरूको कार्यान्वयनमा आवश्यक प्राविधिक तथा आर्थिक सहयोग गर्ने छन्। नागरिक समाज तथा समुदायमा आधारित संस्था तथा समितिहरूले सामाजिक खण्डिकृत तथ्यांक, आवश्यकता र प्राथमिकताको पहिचान, अभिलेखीकरण तथा सचेतना अभिवृद्धि गर्ने जस्ता कार्यहरूमा सहयोग पुऱ्याउने छन्।

## ३.६ रणनीतिक योजनाको अवधि र क्रियाकलापको छनोट

यस रणनीतिक योजनाको अवधि ५ वर्षको रहने छ। कार्यान्वयनको पहिलो ३ वर्षपछि मध्यावधि मूल्यांकन गरिने छ र ५ वर्षपछि कार्यान्वयनको समीक्षा गरिने छ। रणनीतिका लक्ष्य तथा उद्देश्यहरूको अनुगमन तथा मूल्यांकन तल तालिकामा राखिएका सूचकहरूको आधारमा गरिने छ। मानव-वन्यजन्तु द्वन्द न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी रणनीति तथा कार्यक्रमहरू तय गर्दा निम्न कुराहरूलाई आधार मानी गरिने छ।

१. मानव-वन्यजन्तु द्वन्द प्रभावित तथा जोखिमयुक्त क्षेत्रको पहिचान गरी क्षेत्रगत प्राथमिकीकरणका आधारमा क्रमश कार्यक्रमहरू सञ्चालन गरिने छ।

२. प्रमुख द्वन्द निम्त्याउने तथा मानवीय क्षती गर्ने वन्यजन्तुको आनिवानि लगायतका विषयमा अध्ययन गरि सोहि अनुरूपका द्वन्द न्यूनीकरण गर्ने क्रियाकलापहरूको प्राथमिकिकरण गरिनेछ।

३. सामाजिक, आर्थिक तथा वातावरणिय हिसावले उपयुक्त र दिगो हुने उपायहरूको अवलम्वन गरि कार्यक्रम तथा क्रियाकलापहरूको छनोट तथा सञ्चालन गरिने छ।

४. स्थानीय समुदायले अपनत्व ग्रहन गर्ने कार्यक्रम तथा क्रियाकलापहरूको छनोट तथा सञ्चालन गरिने छ।

| सि. नं. | रणनीति | सञ्चालन हुने कार्यक्रम/क्रियाकलाप | सूचकहरू | लागत अनुमान रु. | समय सिमा | जिम्मेवार निकाय | सहयोगी निकाय |
|---|---|---|---|---|---|---|---|
| १ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरण सम्बन्धी सचेतना कार्यक्रमहरु संचालन गरिनेछ । | जनचेतनामुलक सामाग्री उत्पादन तथा वितरण | जनचेतना अभिबृद्धि गर्ने ब्रोसर, पम्प्लेट, पुस्तक, स्टिकर, क्यालेण्डर आदिको उत्पादन तथा वितरण | ५000000 | ५ वर्ष | ब.रा.नि.का., डि.व.का. | न.पा., गा.पा., जि.प्रशा.का.,जिल्ला प्रहरी कार्यालय, संचार क्षेत्रका निकायहरु, नागरिक समाज, समुदायमा आधारित संस्था तथा समितीहरू, संरक्षण साझेदार संस्थाहरु (NTNC, WWF Nepal, ZSL etc) |
| | | वन्यजन्तुका आनीबानी सम्बन्धी सचेतना तालिम/गोष्ठी | प्रतिवर्ष १५ पटक | १0000000 | ५ वर्ष | | |
| | | सूचनामूलक होर्डिंग बोर्डहरुको निमार्ण तथा मर्मत | प्रतिवर्ष १५ वटा निर्माण तथा आवश्यकता अनुरुप मर्मत | १५00000 | ३ वर्ष | | |
| | | स्थानीय एफ.एम मार्फत सचेतनामुलक सन्देश प्रसारण | हरेक महिना हप्तामा पाँच पटक संरक्षण /वन्यजन्तु जैविक विविधता सम्बन्धी सन्देश प्रशारण | ५00000 | ५ वर्ष | | |
| | | सरोकारवालाहरुसंग समन्वय गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम | स्थानीय, प्रदेश र संघ मातहतका सम्पूर्ण का., संरक्षण साझेदार निकाय, स्थानीय वासी लगायतका विभिन्न सरोकारवालाहरुसंग सयुक्त वा छुट्टै प्रति वर्ष १0 पटक | ५000000 | ५ वर्ष | | |
| | | तालिम प्रदायकलाई तालिम (TOT) | ब.रा.नि.का.र डि.व.का. का अधिकृत र रेञ्जर ( सुब्बा) तहका कर्मचारीहरुलाई जम्मा ३ पटक | ३00000 | १ वर्ष | ब.रा.नि.का. डि.व.का. | संरक्षण साझेदार संस्थाहरु |
| २ | मानव वन्यजन्तु द्वन्द्व सम्बन्धी अध्ययन अनुसन्धान तथा द्वन्द्व व्यवस्थापनमा नविन प्रविधीको विकास गरिनेछ । | वन्यजन्तुबाट भएको क्षती तथा राहत वितरण अभिलेखीकरण | मिति, स्थान (जि.पि.एस. लोकेसन सहित), समय, कारण सहितको अभिलेखको व्यवस्थापन | २000000 | निरन्तर | ब.रा.नि.का., डि.व.का. | संरक्षण साझेदार संस्थाहरु |
| | | प्रभावित एवं जोखिमयुक्त क्षेत्रको पहिचान तथा नक्साङकन | वडा स्तरीय जोखिम विश्लेषन नक्सा | १५00000 | १ वर्ष | | संरक्षण साझेदार संस्थाहरु |
| | | वन्यजन्तुको आनीवानी तथा वासस्थानको अनुगमन तथा अनुसन्धान | बाघ, हात्ती र गैँडा लगाएत हिंसक वन्यजन्तुको अनुसन्धान तथा भार वहन क्षमताको अध्ययन प्रतिवेदन | ५000000 | ५ वर्ष | | संरक्षण साझेदार संस्थाहरु |
| | | अवलोकन भ्रमण | दुई तराई र एक हिमाली संरक्षण क्षेत्र गरी ३ पटक | ३00000 | ५ वर्ष | संरक्षण साझेदार संस्थाहरु | ब.रा.नि.का., डि.व.का. |
| | | Pilot Project को सञ्चालन | ४ स्थान (पथरबोझि, गेरुवा र ठाकुरबाबा र शिवपुर) Pilot Project को सञ्चालन भएको हुने | १५00000000 | ५ वर्ष | संरक्षण साझेदार संस्थाहरु | ब.रा.नि.का., डि.व.का. |
| | | अपनाईएका उपायहरुको प्रभावकारिताको विश्लेषण | प्रभावकारिता अध्ययन प्रतिवेदन | १५0000 | ५ वर्ष | विश्वविध्यालय, अनुसन्धान कर्ता | ब.रा.नि.का., डि.व.का. |
| ३ | मानव वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा प्रयोग | विद्युतीय तारबार (Solar Powered Fence), तार जाली (Mesh wire) को निमार्ण | विद्युतीय तारबार सहित वा बाहेक तारजाली १0 कि.मि. प्रतिवर्ष | ६0000000 | ५ वर्ष | ब.रा.नि.का., डि.व.का. | न.पा./गा.पा. |
| | गरिएका छेकबार तथा अन्य संरचनाको प्रभावकारीताका आधारमा निर्माणका साथै मौजुद संरचनाको मर्मत संभार गरिनेछ । | जीवित बार (Live Fence) (वेल, काँडेवाँस, कागती आदि) को प्रयोग तथा प्रोत्साहान | ५ कि.मि. प्रतिवर्ष | १0000000 | | न.पा./गा.पा. | ब.रा.नि.का., डि.व.का.,संरक्षण साझेदार संस्थाहरु |
| | | वस्ती क्षेत्र नजिक नदी तटिय क्षेत्रमा ग्याभियन पर्खाल निर्माण | ५ कि.मि. प्रतिवर्ष | २0000000 | | सिंचाई आयोजना | ब.रा.नि.का., डि.व.का. |
| | | सुरक्षित घर, गोठ तथा खोर निर्माणमा सहयोग | १00 वटा प्रतिवर्ष | २0000000 | | ब.रा.नि.का., डि.व.का., न.पा./गा.पा. | न.पा./गा.पा., संरक्षण साझेदार संस्थाहरु |
| | | मौजुदा संरचनाको मर्मत संभार | निर्मित संरचनाहरु सुचारु अवस्थामा रहेको | ४000000 | | | |
| | | RCC Wall निमार्ण | प्रतिवर्ष २ कि.मि. | २00000000 | ५ वर्ष | न.पा./गा.पा. , | ब.रा.नि.का., डि.व.का., संरक्षण साझेदार संस्थाहरु |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ४ | पूर्वसूचना प्रणालीको विकास गरी सञ्चालन गरिनेछ । | वस्ती तथा खेतवारी नजिक मचानको निर्माण तथा मर्मत | प्रति वर्ष ५ वटा निर्माण तथा आवश्यकता अनुरुप मर्मत | ५०००००० | ३ वर्ष | ब.रा.नि.का., डि.व.का., न.पा./गा.पा. , | संरक्षण साझेदार संस्थाहरु |
| | | हात्ती प्रभावित क्षेत्रमा मोवाईल SMS तथा साईरनको प्रयोग | १००० घरधूरीमा मोवाईल यस यम यस प्रविधिको विकास तथा जोखिम ५ क्षेत्रमा साईरन जडान | १०००००० | ३ वर्ष | ब.रा.नि.का | संरक्षण साझेदार संस्थाहरु, न.पा./गा.पा., |
| | | समस्याग्रस्त वन्यजन्तुको अनुगमन (क्यामरा ट्र्याप, रेडियो कोलार) | मनिसको मृत्यु वा अन्य अत्याधिक क्षती गराउने वन्यजन्तुको अनुगमन/अध्ययन भएको | १०००००० | निरन्तर | ब.रा.नि.का | संरक्षण साझेदार संस्थाहरु, न.पा./गा.पा., |
| ५ | निकुञ्ज तथा कोर वन क्षेत्र व्यवस्थापन गरी वन्यजन्तुलाई आहाराको खोजीमा वस्ती प्रवेश गर्नमा कम गरिनेछ । | पोखरीको निर्माण/सरसफाई/सोलार बोरिङ | १० वटा प्रति वर्ष थप निमार्ण तथा निर्मित पोखरीमा राम्रो पानीको ब्येवस्था | १०००००००० | निरन्तर | ब.रा.नि.का., डि.व.का. | संरक्षण साझेदार संस्थाहरु |
| | | सिमसार क्षेत्रको व्यवस्थापन | प्रति वर्ष २० हे. | ५०००००००० | | | |
| | | वनमा आगोलागि नियन्त्रण तथा अग्नीरेखाको निर्माण तथा मर्मत | आगोलागि नियन्त्रणको लागि स्रोत साधनको व्यवस्था, प्रति वर्ष १० कि.मि. अग्नीरेखाको निर्माण तथा भएका अग्नीरेखाको मर्मत | १८०००००० | | | |
| | | वनमा अतिक्रमण नियन्त्रण | प्रति वर्ष १० हे. अतिक्रमित क्षेत्रको पु:नस्थापना तथा थप अतिक्रमणमा रोक | ९०००००० | | | |
| | | घाँसे मैदान निर्माण तथा व्यवस्थापन | प्रति वर्ष १००० हे. | ५०००००००० | | ब.रा.नि.का. | संरक्षण साझेदार संस्थाहरु |
| | | मिचाहा प्रजाती तथा नरुचाईएका प्रजातीहरुको व्यवस्थापन | प्रति वर्ष ५० हे. | १५०००००० | | | |
| | | जौविक मार्गको व्यवस्थापन | वन्यजन्तुको लागि सुरक्षित ओहोरदोहोर तथा वनको अवस्था राम्रो भएको | १५०००००० | | डि.व.का. | संरक्षण साझेदार संस्थाहरु, ब.रा.नि.का., |
| ६ | वैकल्पिक कृषि खेती तथा प्रणालीको विकास गरिनेछ । | जंगली जनावरले नरुचाउने वैकल्पिक कृषि वाली जस्तै कागती, बेसार, खुर्सानी, भुईकटहर, अदुवा, मेन्था, क्यामोमाईल लगाउन तथा मौरीपालनमा प्रोत्साहन | १५०० हे. क्षेत्रफलमा वैकल्पिक कृषि खेती | १५०००००० | ५ वर्ष | ए.कृ.प.वि.का. | संरक्षण साझेदार संस्थाहरु |
| | | वैकल्पिक कृषि वाली संकलन तथा प्रसोधन केन्द्रको निर्माण | प्रत्येक गा.पा. वा न.पा.मा कम्तिमा १ वटा | ८०००००० | ४ वर्ष | न.पा./गा.पा | सहकारी संस्था |
| | | वैकल्पिक कृषि उत्पादनको बजारको व्यवस्था | राष्ट्रिय बजारमा बर्दिया ब्रान्डको रुपमा परिचित | ८००००० | ५ वर्ष | न.पा./गा.पा | घरेलु तथा साना उधोग का. |
| ७ | पशु तथा कृषी विमा कार्यक्रममा प्रोत्साहान तथा सहयोग गरिनेछ । | Pilot Project को सञ्चालन र त्यसको प्रभावकारीता अध्ययन | ३ स्थानमा वडा वा गाँउस्तरीय Pilot Project को सञ्चालन तथा प्रभावकारीता अध्ययन प्रतिवेदन | १५०००००० | ५ वर्ष | ब.रा.नि.का., न.पा./गा.पा | सहकारी संस्था, संरक्षण साझेदार संस्थाहरु |
| ८ | स्थानीयलाई वनको निर्भरतामा कमी गर्ने वातावरणको सिर्जना गरिनेछ । | उन्नत पशु चौपाय पालन गर्नमा प्रोत्साहान | १५० वटा उन्नत पशु चौपायको पालन | १५०००००० | ५ वर्ष | ए.कृ.प.वि.का. | न.पा./गा.पा |
| | | डाले घाँस र भूईघाँसको विरुवा वितरण | २०० हे. क्षेत्रफलमा डाले घाँस र भूईघाँसको खेती भएको हुने | १०००००००० | ५ वर्ष | | |
| | | बैकल्पिक उर्जा तथा सुधारिएको चूलोको व्यवस्थापन | उर्जाको रुपमा दाउराको प्रयोगमा ५० प्रतिशतले कमी | ३०००००० | ३ वर्ष | ब.रा.नि.का., डि.व.का. | सामुदायिक वनहरु |
| | | मध्यवर्ती सामुदायिक वन व्यवस्थापन | समुदायले व्यवस्थापन गर्न सक्ने/मिल्ने क्षेत्रहरुको हस्तानान्तरण तथा नियमित नविकरण, वन क्षेत्रमा खुल्ला चरिचरणलाई रोक | २५०००००० | ३ वर्ष | वन समुहहरु | ब.रा.नि.का., डि.व.का. |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | वन्यजन्तुबाट पिडित परिवार र घाइतेलाई मासिक राहत तथा छात्रवृति वितरण | हरेक वन्यजन्तुबाट पिडित परिवार र घाइतेले मासिक राहत तथा छात्रवृति पाएको हुने | १००००००० | निरन्तर | ब.रा.नि.का., डि.व.का. | संरक्षण साझेदार संस्थाहरु |
| | | स्थानीय सरकारमा कर तिरेका तर लालपूर्जा नभएका वन्यजन्तुबाट पिडित परिवारलाई राहत वितरण | सबै पिडित परिवारलाई राहत वितरणमा समेटिएको हुने | ७५०००००० | निरन्तर | न.पा./गा.पा. | संरक्षण साझेदार संस्थाहरु |
| ११ | समस्याग्रस्त वन्यजन्तुको उद्धार, टुहुरा, अशक्त तथा घाइते वन्यजन्तुको उपचार तथा व्यवस्थापन कार्य गरिनेछ । | समस्याग्रस्त वन्यजन्तुको उद्धार तथा व्यवस्थापन | कुनै पनि समस्याग्रस्त वन्यजन्तु मानव वस्ती वा राजमार्गमा नरहने | ५०००००० | निरन्तर | ब.रा.नि.का., डि.व.का. | नेपाल प्रहरी, सशत्र प्रहरी, संरक्षण साझेदार संस्थाहरु |
| | | उद्धार केन्द्रको निर्माण तथा व्यवस्थापन | रम्भापुरमा निमार्णाधिन उद्धार केन्द्र प्रदेशस्तरिय बनी सेवा प्रवाह गरेको हुने | २००००००० | ५ वर्ष | | |
| | | टुहुरा, अशक्त तथा घाइते वन्यजन्तुको उपचार तथा व्यवस्थापन | सबै टुहुरा, अशक्त तथा घाइते वन्यजन्तुको उपचार तथा व्यवस्थापन भएको | ५००००००० | निरन्तर | पशु चिकित्सक | संरक्षण साझेदार संस्थाहरु |
| १२ | वन्यजन्तु मैत्री विकासका पूर्वाधारहरुको निर्माण तथा जोखिमयुक्त वस्ती स्थानान्तरणमा पहल गरिनेछ । | वन्यजन्तु मैत्री बिकास संरचना निमार्णमा जोड | निकुञ्जको अम्रेनी कर्णाली क्षेत्र, खाता कोरिडोर र ठूला नहरहरुमा ओभरपास/अण्डरपास निमार्ण | ५०००००००० | निरन्तर | सडक का., सिचाई आयोजना, न.पा/.गा.पा. | जि.प्रशा.का., ब.रा.नि.का., डि.व.का. |
| | | वन क्षेत्र नजिकका अव्यवस्थित वस्तीलाई एकिकृत तथा वन क्षेत्र बाहेकका क्षेत्रमा वस्ती स्थानान्तरण | बजार क्षेत्रमा एकिकृत वस्तीको सुरुवाती | ५०००००० | ५ वर्ष | जि.प्रशा.का./ न.पा/.गा.पा. | ब.रा.नि.का., डि.व.का. |
| १३ | नीतिगत तथा कानूनी सुधारमा पहल गरिनेछ । | भू-उपयोगिताका आधारमा एकिकृत तथा व्यवस्थित वस्ती निमार्ण | नगर तथा गाँउपालिका स्तरीय भू-उपयोगिताको आधारमा भूमीको प्रयोग | ५००००००० | निरन्तर | न.पा/.गा.पा., जि.प्रशा.का. | भूमि सुधार आयोग/नापि का. |
| | | हालको राहत निर्देशिकामा नभएका तर क्षती पुऱ्याउने वन्यजन्तु जस्तै चित्तल, बाँदरबाट हुने क्षतीमा निर्देशिकामा थप गर्न पहल | चित्तल बांदर लगाएतका वन्यजन्तुहरुको राहत निर्देशिकामा समावेश | ५००००० | निरन्तर | वन तथा वातावरण मन्त्रालय | ब.रा.नि.का., डि.व.का. |
| | | मध्यवर्ती र जौविक मार्ग क्षेत्रमा वसोवास गर्ने नागरिकलाई राज्यको लगानी बढाउन पहल गर्ने । | प्रत्येक न.पा/.गा.पा. को बजेट विनियोजनमा कम्तीमा १० % संरक्षण कार्यमा लगानी | ५०००००० | निरन्तर | न.पा/.गा.पा. | जि.प्रशा.का. |
| जम्मा लागत अनुमान रु. दुई अर्ब सतहत्तर करोड तेईस लाख पचास हजार मात्र । | | | | २,७७,२३,५०,०००।- | | | |

## सन्दर्भ सामाग्रीहरु :

१. बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालयको वार्षिक प्रगति प्रतिवेदनहरु
२. वन्यजन्तुबाट हुने क्षतीको राहत सहयोग निर्देशिका, २०६९
३. विभिन्न अनुसन्धनात्मक लेख तथा प्रचलित कानुनहरु
४. राष्ट्रिय जैविक विविधता रणनीति तथा कार्यान्वयन योजना (२०१४-२०२०)
५. बर्दिया राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्रको व्यवस्थापन योजना (२०१६-२०२०)

नेपाल सरकार
वन तथा वातावरण मन्त्रालय
राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
बर्दिया राष्ट्रिय निकुञ्ज कार्यालय
ठाकुरद्वारा, बर्दिया